# बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
# विनियम

## नमूना

प्रकाशक

## बेथानचोक गाउँपालिका
बागमती प्रदेश, काभ्रेपलाञ्चोक
नेपाल

## .................. बचत तथा ऋण सहकारी संस्था लि. बेथानचोक- ........., को विनियम, २०.........

**प्रस्तावनाः**

अन्तर्राष्ट्रिय सहकारीका मूल्य मान्यता र सिद्धान्तहरूका आधारमा तिनीहरुको अवलम्बन गरी सदस्यहरूमा स्वावलम्बन र पारस्परिकताको भावनालाई बढावा दिएर आफ्नो आर्थिक, सामाजिक एवं शैक्षिक उन्नतिका लागि आवश्यक स्रोतका साथै व्यावसायिक तथा सामुदायिक सेवाहरूको बन्दोबस्त आफैंले मिलाएर परिश्रम, समानता र समताका मानदण्डमा समुदायका सबैको यथायोग्य वैभव हासिल हुने सहकारी सभ्यताको विकासमा समेत सहायता पुऱ्याउन सदस्यहरुमा छरिएर रहेको श्रोत र साधनलाई एकीकृत गरी सदस्यहरुका निर्वाचित प्रतिनिधिद्वारा संचालित एवं प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यमद्वारा हामी प्रत्येक सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको लागि एक सहकारी संस्थाको गठन गरी संचालन गर्न आवश्यक भएकोले, विद्यमान सहकारी ऐन तथा नियमले दिएको अधिकार प्रयोग गरी ..............................................बचत तथा ऋण सहकारी संस्था लि.को स्थापनाको लागि मिति ...................... मा बसेको आवेदक शेयर सदस्यहरुको प्रथम प्रारम्भिक भेलाको निर्णय बमोजिम यो विनियम तर्जुमा गरी मिति ................. गते बसेको दोश्रो प्रारम्भिक भेलाले समेत सर्वसम्मतबाट पारित गरेकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस विनियमको नाम ............................................................ बचत तथा ऋण सहकारी संस्था लि.को विनियम, २०..... रहेको छ ।

(ख) यो विनियम बेथानचोक गाउँपालिका गाउँकार्यपालिकाको सहकारी दर्ता गर्ने पदाधिकारीबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

**२. संस्थाको नाम, ठेगाना तथा कार्यालय स्थापना संबन्धी व्यवस्था :**

(क) संस्थाको नाम : ..................................... बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहनेछ । अंग्रेजीमा ................................... Saving and Credit Co-operative Ltd. रहनेछ ।

(ख) संस्थाको ठेगानाः- संस्थाको कार्यालय बेथानचोक गाउँपालिका वडा नं......मा रहनेछ । र संस्थाको सबै कामकाज प्रमाणित गर्नका लागि अनुसूची-१ मा उल्लेख गरिए अनुसार आफ्नो छुट्टै चिन्ह अंकित छाप रहनेछ ।

(ग) बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयबाट पूर्व स्वीकृति लिई मात्र ठेगाना परिवर्तन गरिनेछ, संस्थाका बढी सदस्यहरूलाई पायक पर्ने ठाँउमा कार्यालय राखिनेछ ।

(घ) सामान्यतया कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको एउटै भवन प्रयोग गरिने छैन ।

(ङ.) ठेगाना परिवर्तनको सूचना अनिवार्य रुपमा आफ्ना सदस्यहरु, बेथानचोक गाउँकार्यपालिका र सहकारीका सम्बन्धित संघहरूमा दिइनेछ ।

(च) सहकारी संस्थाको कार्यालय सबै सदस्यहरुको सहज पहूँच हुने र देखिने स्थानमा राखिने छ ।

(छ) संस्थाको साइनबोर्डमा स्पष्ट बुझिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत लोगो, कार्यक्षेत्र र सम्पर्कका लागि उपलब्ध फोन, इमेल, फ्याक्स, पोष्टबक्स नम्बर उल्लेख गरिनेछ ।

(ज) सम्पर्क वा पत्राचारको माध्यममा गरिने परिवर्तनको सूचना सबै सदस्य र सम्बन्धित सबै सरकारी निकाय तथा सहकारीका संघहरुमा गराइनेछ ।

(झ) समितिले संस्थाको कार्यालयमा सवैले देख्ने ठाँउमा निम्न कुराहरु खुलेको सूचना राखी सम्बन्धित सबैलाई सूसुचित गर्नेछ :-

(१) संस्थाको प्रमुख कारोवार ।

(२) कूल सदस्य संख्या ।

(३) कारोवारको विवरणः- यस अन्तर्गत कूल संकलित शेयर पूँजि, कूल वचत निक्षेप संकलन, कूल लगानी र कारोवारबाट भएको मुनाफा उल्लेख गरिनेछ । यस्तो विवरण लेखापरीक्षण गरेको गत आर्थिक बर्षको श्रेस्ताको आधारमा राखिनेछ ।

(४) लिने, दिने ब्याज दर ।

(५) संचालक तथा लेखा समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क फोन ।

३. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा-

(क) "ऐन" भन्नाले संघीय सहकारी ऐन, २०७४ तथा बेथानचोक गाउँपालिकाको सहकारी ऐन, २०७६ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले संघीय सहकारी नियमावली, २०७५ र बेथानचोक गाउँपालिकाको सहकारी नियमावली सम्झनु पर्दछ ।

(ग) "दर्ता गर्ने अधिकारी" भन्नाले बेथानचोक गाउँपालिकाको सहकारी हेर्ने पदाधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(घ) "संस्था" भन्नाले..........................................बचत तथा ऋण सहकारी संस्था लि.लाई सम्झनु पर्छ ।

(ङ) "विनियम" भन्नाले ...................................... बचत तथा ऋण सहकारी संस्था लि. को विनियम २०............ सम्झनु पर्दछ ।

(च) "सदस्य" भन्नाले संस्थाको शेयर खरीद गरी यस विनियम बमोजिमको सदस्यको दायित्व निर्वाह गर्न तयार सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "साधारण सभा" भन्नाले प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा र विशेष साधारण सभा समेतलाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले संस्थाको संचालक समितिलाई सम्झनु पर्दछ ।

(झ) "संचालक" भन्नाले यस विनियम बमोजिम गठित समितिका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, एवं सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ञ) "उपसमिति" भन्नाले संस्थाद्वारा यस विनियम बमोजिम कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उप–समिति समेतलाई सम्झनु पर्दछ ।

(ट) "शेयर" भन्नाले संस्थाको शेयर पूँजीको विभाजित अंशलाई सम्झनु पर्दछ ।

(ठ) "शेयर प्रमाण पत्र" भन्नाले शेयर किन्ने व्यक्तिलाई सो वापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ ।

(ड) "बचत परिचालन" भन्नाले सदस्यहरुवाट संकलन गर्ने र सदस्यहरुमा ऋण लगानी गर्ने दुवै कार्यलाई सम्झनु पर्दछ ।

(ढ) "बचत निक्षेप" भन्नाले सदस्यहरुले पूर्व निर्धारित दरमा व्याजको रुपमा लाभ प्राप्त गर्ने गरी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(ण) “ऋण”भन्नाले संस्थाले विनियमको अधिनमा रही निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा व्याज वापतको रकम थप समेत गरी फिर्ता वुझाउने गरी सदस्यलाई प्रदान गरेको वा संस्थाले निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा व्याज वापतको रकम समेत थप गरी फिर्ता बुझाउने गरी ऐनको अधीनमा रही ऋणको रुपमा प्राप्त गरेको रकमलाई सम्झनु पर्दछ ।

(त) “आर्थिक वर्ष” भन्नाले प्रत्येक वर्षको श्रावण एक गते देखि आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ ।

(थ) ‘गाउँ/टोल/उपक्षेत्रीय बैठक’ भन्नाले दफा ३१ को उपदफा (२) बमोजिमको संस्थाका सदस्यहरूको बैठक सम्झनुपर्दछ ।

(द) ‘समिति’ भन्नाले दफा ३४ बमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनुपर्दछ ।

(ध) ‘सञ्चालक’ भन्नाले समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउनेछ ।

(न) ‘अध्यक्ष’ भन्नाले समितिको अध्यक्ष सम्झनुपर्दछ ।

(प) ‘व्यवस्थापक’ भन्नाले दफा ४४ बमोजिम नियुक्त संस्थाको व्यवस्थापक सम्झनुपर्दछ ।

## परिच्छेद २
## संस्थाको क्षेत्र

४. **उद्देश्यः** सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरु हुनेछन् :

(१) संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।

(२) सदस्यहरुको व्यक्तिगत एवं सामूहिक क्षमता अभिवृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुर्‍याउने ।

(३) सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजिको उपयोग बढाउने ।

(४) सदस्यहरुको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुऱ्याउने खालका सेवामूलक कार्यक्रमहरु संचालन गरी सहकारिताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने

५. **कार्य : (१) संस्थाले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।**

(१) सदस्यहरुबाट स्वीकृत नीति अनुसार बचत संकलन गर्ने ।

(२) सदस्यहरुलाई स्वीकृत नीति अनुसार ऋण लगानी गर्ने ।

(३) प्रचलित सहकारी ऐन वमोजिम संस्थाको शेयर विक्री गर्ने ।

(४) सहकारी ऐन, नियमावली र विनियमको अधीनमा रही अन्य संघ–संस्थाबाट ऋण लिने ।

(५) सहकारिता बारे सदस्यहरुको चेतना जगाउने क्रियाकलाप सञ्चालन गर्ने ।

(६) सदस्यहरुलाई सीपमूलक तालिमको अवसर प्रदानगरी व्यावसायिक सिप अभिवृद्धि गर्ने ।

(७) शिक्षा, स्वास्थ्य, आवास, यातायात, कृषि, उद्योग, व्यापार लगायतका विभिन्न क्षेत्रमा कार्यक्रम तय गरी तत्सम्बन्धी काममा सदस्यहरुलाई व्यक्तिगत वा सामुहिक रुपमा ऋण प्रवाह गर्ने ।

(८) सदस्यहरुलाई दैनिक जीवनमा आवश्यक पर्ने विविध कामहरुमा न्यूनतम सेवा शुल्क लिइ वा नलिई सेवा पुऱ्याउने काम गर्ने ।

(९) सदस्यहरुलाई सूचना प्रवाह गरी व्यावसायिक ज्ञान र अवसरमा पहुँच बढाउने काम गर्ने ।

(१०) आफ्ना सदस्यहरुलाई सानातिना जोखिमबाट त्राण दिन सदस्यहरुको सामूहिक सहयोग उपलब्ध गराउने संस्थागत प्रबन्ध गर्ने ।

(११) कारोवारको मुनाफाबाट केही अंश छुट्याई सदस्यहरु एवं तिनका परिवारका सदस्यहरुलाई रचनात्मक कार्यमा उत्प्रेरित गर्ने खालका कार्यक्रम संचालन गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम कुनै निकायको स्वीकृति लिनुपर्ने सेवा वा व्यवस्थाको हकमा संस्थाले सम्बन्धित निकायको स्वीकृति लिएपछि मात्र प्राप्त स्वीकृतिको शर्त-बन्देजअर्न्तगत रही त्यस्तो सेवा वा व्यवसाय सञ्चालन गर्नेछ ।

६. **कार्यक्षेत्रः** संस्थाको कार्यक्षेत्र बेथानचोक गाउँपालिकाको वडा नं. ..........(हरु) हुनेछ ।

## परिच्छेद ३
## सदस्यता

७. **संस्थाको सदस्य :**

(१) देहायका प्राकृतिक व्यक्तिहरू संस्थाको सदस्य हुनेछन् :

(क) संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरू र

(ख) दफा ८ बमोजिमको योग्यता पुगेका तथा दफा ९ बमोजिम सदस्यता वा दफा १३ बमोजिम पुनः सदस्यता प्राप्त गरेका व्यक्तिहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरूले दफा १७ बमोजिम संस्थाको शेयर खरिद गरी सदस्य हुन सक्नेछन् ।

८. **सदस्यताको योग्यता :**

(१) संस्थाको सदस्यता प्राप्त गर्न देहायको योग्यता पुगेको हुनुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाण-पत्र प्राप्त गरेको;

(ख) संस्थाको कार्यक्षेत्रभित्र स्थायी रूपमा वा कम्तीमा दुई वर्षदेखि नियमित रूपमा बसोबास भएको;

(ग) संस्थाको मुख्य व्यावसायिक सेवा आवश्यक हुनुका साथै उपयोग गर्न सक्ने अवस्थामा रहेको;

(घ) संस्थासँग प्रतिस्पर्धा हुने गरी संस्थाको कार्ययोजनामा गर्ने भनिएको कारोबार नभएको;

(ङ) यस विनियममा उल्लेख भएबमोजिम सदस्यको उत्तरदायित्व बहन गर्न स्वीकार गरेको र

(च) समान प्रकृतिको सोही जिल्ला भित्रको अन्य कुनै सहकारी संस्थामा सदस्य नरहेको ।

(छ) प्रचलित कानूनले अयोग्य नठहरिएको ।
(ज) स्वीकृत विनियम बमोजिम प्रवेश शूल्क बुझाएको र शेयर खरीद गरेको ।
(झ) संस्थाको बचत योजना बमोजिम क्षमता अनुसार नियमित बचत गर्ने व्यक्ति ।
(ञ) संस्थाले सञ्चालन गरेको कारोबारको समानान्तर कारोबार सञ्चालन नगरेको व्यक्ति ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धीकरण निवारण कानुन बमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यताको योग्यता नपुगेको मानिनेछ ।

संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको ढाँचामा उपरोक्त विवरणहरु समेत खुलाएको प्रमाणहरु पेश गरेपछि आवश्यक जाँचबुझ गरी संचालक समितिको निर्णय बमोजिम मात्र सदस्यता प्रदान गरिनेछ ।

**९. सदस्यताका लागि निवेदन र प्राप्ति**

**सदस्यता :**

उपरोक्त बमोजिम तोकिएको क्षेत्रभित्र बसोबास गर्ने संस्थाको कार्यक्रममा सरिक रही साधारण सभाबाट पारित नीति अनुरुप आय-आर्जन गरेको रकमबाट नियमित रुपले बचत गर्न चाहने वा आवश्यकता अनुसार ऋण लिई आफ्नो परिवारको आर्थिक, सामाजिक तथा सास्कृतिक अवस्था सुधार गरी जीवनस्तर माथि उठाउने उद्देश्य लिने र संस्थाको स्वीकृत विनियम बमोजिम सदस्यको जिम्मेवारी स्वीकार गर्न मञ्जुर गर्ने निर्धारित योग्यता पुगेका इच्छुक देहायका व्यक्तिले विनियमको अधीनमा रही सदस्यता प्राप्त गर्न सक्नेछन् :-

(क) संस्था दर्ताको  लागि निवेदन दिने ब्यक्तिहरु र
(ख) संस्था दर्ता भईसकेपछि विनियम वमोजिम सदस्यताको लागि योग्यता पुगेको व्यक्तिहरु ।
(ग) संस्थाको विनियमको पालना गर्न मञ्जुर गरेको ।
(घ) प्रचलित कानूनले अयोग्य नठहरिएको ।
(ङ) स्वीकृत विनियम बमोजिम प्रवेश शुल्क बुझाएको र शेयर खरीद गरेको ।
(च) संस्थाको बचत योजना बमोजिम क्षमता अनुसार नियमित बचत गर्ने व्यक्ति ।
(छ) समान प्रकृतिको सोही जिल्ला भित्रको अन्य सहकारी संस्थामा सदस्य नभएको व्यक्ति ।
(ज) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको ।
(झ) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको ।
(ञ) संस्थाको सेवा उपभोग गर्न चाहने  र जिम्मेवारी वहन गर्न स्वीकार गरेको ।
*संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको ढाँचामा उपरोक्त विवरणहरु समेत खुलाएको प्रमाणहरु पेश गरेपछि आवश्यक जाँचबुझ गरी संचालक समितिको निर्णय बमोजिम मात्र सदस्यता प्रदान गरिनेछ । सदस्यता प्राप्त गरिसकेपछि अनुसूची -२ बमोजिमको सदस्य दर्ता किताव तयार गरी राख्नुपर्नेछ ।*
(ट) विनियम अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रु. ........... एक सय पछि फिर्ता नहुने गरी) बुझाउनु पर्नेछ ।

**१०. सदस्यता कायम नरहने तथा सदस्यताको अन्त्य**

(१) कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहने छैन ।
(क) मृत्यु भएमा,
(ख) बहुलाएको वा मानसिक असन्तुलन भएमा,
(ग) सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) विनियममा भएको व्यवस्था बमोजिम समितिको निर्णय बमोजिम सदस्यतावाट निष्काशित भएमा,
(ङ) संस्था विघटन भएमा,
(च) संस्थालाई हानी नोक्सानी हुने काम गरेको प्रमाणित भएमा,
(छ) नियमित बचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य भएमा,
(ज) विनियमको दफा १० मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता नरहेमा,
(झ) एउटै जिल्ला भित्र वा एउटै गाउँपालिका भित्रको समान प्रकृतिको अन्य सहकारी संस्थामा सदस्य वा संचालकको कुनै पदमा रहेको पाइएमा ।
(ट) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा शेयर वापतको रकम फिर्ता लिएमा ।
(ठ) संस्थाले गरेको कारोवारको समानान्तर कारोवार सञ्चालन गरेमा ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजिनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट उन्मुक्ति पाउनेछैन ।

## ११. सदस्यताबाट निष्काशन :

(१) संचालक समितिले छानबिन गरी एवं सफाईको मौका समेत दिई कुनै सदस्यलाइ निम्न आधारमा बहुमतको निर्णयले सदस्यताबाट निष्काशन गर्न सक्नेछः-
(क) संस्थाको संचालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरे गराएमा ।
(ख) संस्थाको स्वीकृत नीति र विनियम वर्खिलाप हुने काम गरे गराएमा ।
(ग) संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरे गराएमा ।
(घ) संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित हुन आएमा ।
(ङ) विनियममा व्यवस्था भए बमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

(२) उपदफा (१) वमोजिम कुनै सदस्यलाई संचालक समितिले निष्काशन गर्नु अघि सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

(३) छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्षसम्मका लागि बन्देज लगाउन सक्नेछ ।

(४) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले साधारण सभा समक्ष पुनरावेदन गर्न सक्नेछ र साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

## १२. सदस्यताबाट राजीनामा

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ ।
तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै वाँकी वक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजिनामा दिन पाउने छैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजिनामा स्वीकृत भई सकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु वुझाउनुपर्ने दायित्ववाट छुट पाउनेछैन ।

(३) सदस्यतावाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजिनामा स्वीकृत भएको मितिले एक वर्ष पछि मात्र पुन : रीतपूर्वक निवेदन दिएमा सदस्यता प्राप्त गर्न सक्नेछ ।

(४) दफा १२ को उपदफा (१) को खण्ड (ग) बमोजिम सदस्यले सदस्यता छाड्नका लागि लिखित राजिनामा आर्थिक वर्ष समाप्त हुनु ३ महिना अगावै समितिलाई प्राप्त हुने गरी पेश गर्नु पर्नेछ । यस्तो राजिनामा चालु आर्थिक वर्षको अन्तिम दिनको भोलीपल्ट देखि लागू हुने गरी समितिले स्वीकृत गर्नेछ ।

(५) संस्थाको कूल भुक्तानी शेयरपूँजीको १० प्रतिशत भन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा कम्तिमा १२ महिना अगावै लिखित सूचना दिनु पर्नेछ ।

(६) सदस्यता छाड्न चाहने सदस्यलाई संस्थाको आर्थिक अवस्थाको विश्लेषणका आधारमा अर्थात शेयरको Book Value को आधारमा हिसाब गरी शेयर रकम फिर्ता गरिनेछ ।
कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजिनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट उन्मुक्ति पाउनेछैन । त्यस्ता सदस्य बाहेक अन्यले सदस्यताबाट राजीनामा दिएमा शेयर र वचतको रकम तुरुन्त फिर्ता दिइनेछ ।

**१३. पुनः सदस्यता** : एक पटक सदस्यता त्याग वा निष्कासन भएको सदस्यले पुनः सदस्यता माग गरेमा सामान्यतया १ बर्षपछि मात्र प्रदान गरिनेछ । सोसम्बन्धी कार्यविधि सञ्चालक समितिले स्वयं निर्धारण गर्नेछ ।

**१४. सदस्यको काम, कर्तव्य र अधिकार :**

सदस्यको काम, कर्तव्य अधिकार र दायित्व देहाय बमोजिम हुनेछ :-

(क) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने ।

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको व्यवस्थापनको नेतृत्व लिने वा विभिन्न जिम्मेवारीमा सक्रिय सहभागिताका लागि सरिक हुने ।

(ग) संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने ।

(घ) संस्थाको वचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

(ङ) सदस्य एवं समूहको हितमा संचालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

(च) संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका वारेमा जानकारी लिने ।

(छ) साधारण सभाको विभिन्न विषयमा गरिने निर्णमा आफ्नो मतको प्रयोग गर्ने ।

(ज) संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपभोग निर्धारित विधि अनुसार गर्ने ।

(झ) सहकारीका प्रचलित कानून र सहकारीका सर्बमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धिकरणको अभियानमा सक्रियता लिने ।

**१५. सदस्यता खुला रहने**

संस्थाको व्यावसायिक कारोबार सञ्चालन गर्ने क्षमता नभएको अवस्थामा, सदस्यको योग्यता नभएको अवस्थामा तथा निर्वाचन हुनुभन्दा केही समय अघिदेखि सदस्यता निर्वाचन अवधिसम्म रोक्ने भनी निर्णय गरेको अवस्थामा बाहेक सदस्यता खुला रहनेछ ।

**१६. सदस्यता प्राप्ति, पुनः** प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने : सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनेछ ।

## परिच्छेद ४
## पुंजी परिचालन

**१७. शेयर पुँजी :**

(१) संस्थाको सेवा सञ्चालनका लागि आवश्यक रकम यथाशक्य सदस्यहरूले दफा १८ बमोजिम सदस्यताको शर्तस्वरूप र दफा १९ बमोजिम स्वेच्छाले खरिद गरेको शेयर बापतको पुँजीको रूपमा जुटाइनेछ ।

(२) संस्थाको एक शेयरको मूल्य रु. १००।- (रुपैयाँ एक सय) हुनेछ ।

(३) संस्थाले दफा ७ को उपदफा (२) मा उल्लेख गरिए बमोजिम सदस्य बन्न इच्छुक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरूलाई शेयर बिक्री गर्न सक्नेछ ।

तर अन्य कुनै कृत्रिम व्यक्तिलाई शेयर विक्री गर्ने छैन ।

**१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने** : सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्नेछ ।

**१९. थप शेयर खरिद गर्न सक्ने :**

(१) संस्थाको कूल शेयर पूँजी रु. ………………।- (अक्षेरुपी …………………….. मात्र) हुनेछ । संस्थाबाट पुँजी संकलनका लागि प्रति शेयर रु.१००।- को दरले ……………………। थान शेयर जारी गरिनेछ । शेयर सदस्यहरुलाई बिक्री गरिएको शेयर रकमको अनुपात कूल शेयर पूँजिसंग कम्तिमा १:१० को रहने व्यवस्था समितिले मिलाउनेछ ।

(२) एक सदस्यले संस्थाको कूल भुक्तानी शेयरपूँजीको २० प्रतिशतमा नबढाई शेयर खरीद गर्न सक्नेछन् ।

(३) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी शेयर विक्री गर्ने छैन ।

(४) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्ने छैन ।

तर सहकारीको सिद्धान्त बमोजिम सहकारी संस्थाहरु वीच आपसी संझौता बमोजिम संयुक्त रुपमा कुनै कार्यक्रम संचालन गर्न वा संस्थाको हितका लागि आर्थिक कारोवार गर्न सकिनेछ ।

(५) संस्थाले वाणिज्य बैंक वा वित्तीय संस्था वा अन्य कम्पनीको शेयर खरिद गर्ने छैन ।

तर, सहकारी बैंक वा आफू सदस्य रहेको सहकारीका संघहरुको शेयर खरीद गरी सहकारीको विकासमा योगदान पुऱ्याउनेछ ।

(६) संस्थाले संकलित पूँजीको आधारमा उपरोक्तानुसारको कूल शेयर पूँजीमा साधारण सभाबाट अनुमोदन गराउने गरी बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृति लिई पूँजी बृद्धि गर्दै लैजान सक्नेछ ।

२०. **शेयरको हस्तान्तरण वा फिर्ता :**

(१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरीद गरी संस्थामा लगानी गरेको रकम संस्थाको पछिल्लो आर्थिक वर्षको हिसावजाँच पश्चात् निजले पाउनु पर्ने देखिएको रकम फिर्ता पाउनेछ ।

(२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा बहुलाएको प्रमाणित भएमा निजको नाउँमा रहेको र संस्थावाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित कानुन वमोजिमको हकवालाको नाउँमा सहकारी नियमावलीको अधिनमा रही  नामसारी गरिदिनेछ ।

२१. **प्रवेश शुल्क**

विनियमको दफा ९ अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रु.१००।- ( रुपैया एक सय पछि फिर्ता नहुने गरी) बुझाउनु पर्नेछ ।

२२. **कृत्रिम छेकबार नलगाइने :**

(१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ८ को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा बाहेक दफा १८ बमोजिम खरिद गर्नुपर्ने एक सेयरको वा दफा २१ बमोजिम बुझाउनुपर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपचारिक रूपमा अघि र अहिलेको हिसाब मिलाउने वा अन्य कुनै प्रकारको सम्मतिको निहुँपिउँमा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरीत कृत्रिम छेकबार लगाइने छैन ।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकबार लगाइएको भन्ने लागेमा साधारण सभा वा दर्ता गर्ने अधिकारीसमक्ष उजुरी दिन सक्नेछ ।

२३. **शेयर प्रमाण-पत्र**

संस्थाले सदस्यहरुलाई शेयर खरीद गरे वापत अनुसूची-३ बमोजिम संस्थाको छाप लागेको र अधिकार प्राप्त पदाधिकारीको हस्ताक्षर भएको शेयर प्रमाण पत्र जारी गर्नेछ । शेयर प्रमाणपत्र हराएमा वा नासिएमा रु.१००।- तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

२४. **सदस्यको दायित्व सीमित हुने**

(१) सदस्यको दायित्व आफूले लिएको शेयर रकमसम्म मात्र सीमित रहनेछ ।

(२) संस्थाको विनियमको पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ ।

## परिच्छेद ५
## साधारण सभा

२५. **प्रारम्भिक साधारण सभा :**

(१) तदर्थ संचालक समितिले संस्था दर्ता भएको मितिले तीन महिना भित्र संस्थाको प्रारम्भिक साधारणसभा सम्पन्न गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले प्रारम्भिक साधारणसभा नबोलाएको अवस्थामा कुनै सदस्यले प्रारम्भिक साधारणसभा बोलाईदिन बेथानचोक गाउँपालिकामा निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि संस्थाले सहकारी ऐन, नियम अनुसार प्रारम्भिक साधारणसभा बोलाउन सक्नेछ ।

(३) संस्थाको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा प्रारम्भिक साधारण सभा संचालन गर्न गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ :–

(क) सभाको सभापतिको चयन गर्ने ।

(ख) अघिल्लो दिनसम्मको संस्थाको काम कारबाहीको हर हिसाबको जानकारी लिने ।

(ग) सभामा पेश भएका प्रारम्भिक प्रतिवेदनमाथि छलफल गर्ने र आवश्यक निर्देशन दिने ।

(घ) विनियममा भएको व्यवस्था बमोजिम बनेको निर्वाचन समितिले विनियममा उल्लेख भए बमोजिम पदाबधि रहने गरी संचालक समिति र लेखा समितिको निर्वाचन गर्ने ।

(ङ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२६. **वार्षिक साधारण सभा :**

(१) संस्थाका सम्पूर्ण शेयर सदस्यहरु भएको एउटा साधारण सभा हुनेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ६ महिना भित्र संचालक समितिले वार्षिक साधारण सभा बोलाउने छ ।

(२) उप दफा (१) बमोजिम  वार्षिक साधारण सभा नबोलाईएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा वोलाउन बेथानचोक गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दिएमा वा नदिएमा पनि उपदफा (१) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिन भित्र बेथानचोक गाउँकार्यपालिकाको कार्यालयका सहकारी हेर्ने पदाधिकारी वा निजको अधिकार प्राप्त अधिकारीले त्यस्तो सभा वोलाउन सक्नेछ । यसरी वोलाएको सभा संचालनको  सम्पूर्ण दायित्व संस्थाको हुनेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारण सभा बोलाउंदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा एक्काईस (२१) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना दिनुपर्ने कर्तव्य संचालक समितिले निर्वाह गर्नेछ । यस्तो सूचना बेथानचोक गाउँपालिकाबाट प्रकाशित हुने बढी बिक्री हुने राष्ट्रिय दैनिक पत्रिका मार्फत् प्रकाशित गरिनेछ । सूचनाको प्रभावकारिताका लागि संचारका विद्युतीय माध्यम समेत प्रयोग गर्न सकिनेछ ।

(४) वार्षिक साधारण सभाको गणपूरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको २५ प्रतिशत वा १३ जनामा जुन बढी हुन्छ सोही संख्यामा सदस्यहरु उपस्थित भएमा सभाको काम कारवाही शुरु हुनेछ ।

(५) पहिलो पटक गणपूरक संख्या नपुगी दोश्रो पटक सभा बोलाउनु परेको अबस्थामा सदस्यहरुलाई कम्तिमा ७ दिनको अर्को सूचना दिनु पर्नेछ । त्यसरी बोलाईएको सभाको गणपुरक संख्या कुल सदस्य संख्याको १५ प्रतिशत वा ११ जना जुन बढी हुन्छ, सोही मानिनेछ ।

(६) वार्षिक साधारणसभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येवाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

(७) वार्षिक साधारण सभामा छलफल गरिने सवै विषयहरु प्रस्तावको रुपमा सभाको सभापतित्व गरेको सदस्यले पेश गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ । मत बरावर भएमा सभापतिले  निर्णायक मत दिनु पर्नेछ ।

२७. **विशेष साधारण सभा :**

(१) ऐन तथा नियमावलीमा उल्लेख भएबमोजिमको अवस्था र विधिअनुसार संस्थाको विशेष साधारण सभा बस्नेछ ।

(२) उपदफा (१) को अवस्थाका साथै संस्थाको कार्यसञ्चालनका सिलसिलामा जुनसुकै महत्वपूर्ण निर्णय गर्नुपर्ने वा त्यस्तो निर्णयका लागि आवश्यक लेखाजोखा वा प्रस्तावको मस्यौदा गर्नु अगावै सैद्धान्तिक स्वीकृति वा मार्गदर्शन लिनुपर्ने अवस्थामा समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

२८. **साधारण सभाको बैठक :**

(१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी 'एस.एम.एस', एफ.एम. रेडियो, पत्रपत्रिका लगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरू साक्षात् स्वयं उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारण सभाको बैठकमा पेस गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्ने दिनअगावै यथाशक्य उपलब्ध गराउनुपर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्दछ ।

(४) साधारण सभाको बैठकमा उद्घाटनको कार्यक्रम राख्नु हुँदैन तथा विचार-विमर्शका लागि पर्याप्त समय छुट्ट्याउनुपर्दछ ।
तर यसमा लेखिएको कुनै कुराले संस्था स्थापना दिवसको अवसरमा उद्घाटनको कार्यक्रम राख्न बाधा पर्ने छैन ।

(५) साधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरू मध्येबाट चुनेका सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(६) ऐन तथा नियमावलीको व्यवस्थाअनुसार सदस्य सङ्ख्या दुई हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा-वडा वा पायकको स्थान-स्थानमा समान कार्यसूची राखेर साधारण सभा डाक्नुपर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू सबैलाई उपस्थितिका लागि डाक्नुपर्दछ ।

(७) उपदफा (६) मा उल्लिखित अवस्थामा सबै बैठकहरूको अध्यक्षता गर्ने व्यक्तिहरूका साथै समितिका पदाधिकारीको जम्मा सङ्ख्याको कम्तीमा दोब्बर सङ्ख्या पुग्ने गरी प्रत्येक बैठकबाट कम्तीमा तीन जनाका दरले चुनिएका प्रतिनिधिहरूले साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा जम्मा भएर प्रत्येक पानामा सहीछाप गरी बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) उपदफा (६) को अवस्थामा प्रत्येक बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र उपदफा (७) बमोजिम चुनिएका प्रतिनिधिहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नेछन् ।

(९) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक सञ्चालक वा लेखा समितिका पदाधिकारीहरूले उपदफा (७) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुने छैन ।

(१०) साधारण सभाको बैठकको कार्यविधिका सम्बन्धमा अन्य व्यवस्था दर्ता गर्ने अधिकारीले तोकिदिएबमोजिम हुनेछ ।

**२९. साधारण सभाको काम, कर्तव्य र अधिकार**

(१) साधारण सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) संचालक समितिका पदाधिकारीलाई हटाउने वा समिति वा लेखा समितिको विघटन गर्ने । निर्वाचन समितिले संचालन गरेको निर्वाचन कार्यक्रमा सहभागी भई निर्धारित पदाबधिका लागि संचालक समिति र लेखा समितिको निर्वाचन गर्ने ।

(ख) संचालक समिति तथा लेखा समितिको प्रतिवेदन उपर छलफल गरी निर्देशन दिने (ग) सहकारी ऐन नियम विपरित नहुने गरी विनियम संशोधनको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने ।

(घ) मिनाहा सम्वन्धी प्रस्ताव उपर छलफल र निर्णय गर्ने ।

(ङ) संचालक समितिले पेश गरेको वार्षिक कार्यक्रम तथा वजेट उपर छलफल गरी स्वीकृती प्रदान गर्ने ।

(च) प्रगति प्रतिवेदन, वार्षिक लेखापरीक्षण प्रतिवेदन, स्थिति विवरण पत्र र आर्थिक विवरणहरुमा समीक्षा गर्ने र पारित गर्ने ।

(छ) सदस्य निष्कासन सम्वन्धमा समितिको निर्णय उपर पुनरावेदन सुन्ने र निर्णय गर्ने

(ज) वार्षिक हिसाव जांच गराउन लेखापरीक्षक नियुक्ति गर्ने र लेखापरीक्षकको पारिश्रमिक तोक्ने ।

(झ) नियमित बचत, आवधिक वचत, ऋणको किसिम र सोमा निर्धारण गरिने ब्याजको प्रतिशत सम्बन्धमा छलफल गरी अनुमोदन गर्ने ।

(ञ) विनियम वमोजिम वचत कोष तथा सदस्यले कारोवारमा गरेको योगदानका आधारमा संरक्षण पूँजि फिर्ता कोषबाट थप लाभांश वितरण गर्न स्वीकृति दिने ।

(ट) संस्थाले लिन दिन सक्ने अधिकतम ऋण वा धरौटीको सीमा तोक्ने ।

(ठ) एक तह माथिको सहकारी संघको सदस्यता लिन निर्देशन दिने तथा केन्द्रीय वा जिल्ला संघको प्रतिनिधित्व गर्न प्रतिनिधि तोक्ने ।

(ड) संस्थाको आर्थिक प्रशासन विनियम, कर्मचारी प्रशासन विनियम तथा वचत तथा ऋण नीति पारित वा अनुमोदन गर्ने तथा परिमार्जन गर्ने ।

(ढ) साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर विचार गर्ने ।

(ण) रजिष्ट्रारको काम गर्ने स्थानीय पदाधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरीक्षणका आधारमा दिएको प्रतिवेदन उपर छलफल गर्ने र संचालकहरुलाई उपयुक्त निर्देशन दिने ।

(त) अध्यक्षको राजिनामा स्वीकृत गर्ने ।

(थ) संचालक समितिलाई आवश्यक मार्गदर्शन गर्ने ।

(द) संस्थाको विभाजन, एकीकरण, विघटन सम्वन्धी निर्णय गर्ने ।

(ध) संस्थाको विवादित विषयहरुमा आवश्यक निर्णय लिने ।

(न) संस्था संचालनका लागि आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने वा थपघट गर्ने ।

(२) साधारण सभाको निर्णयहरु प्रमाणित गर्न संचालक समितिका एक जना संचालक र न्यूनतम २ जना शेयर सदस्यहरु सभाले छनौट गर्नेछ । निर्णय पुस्तिका सुरक्षित राख्नुपर्ने दायित्व संस्थाका प्रबन्ध संचालक वा अध्यक्ष स्वंयले जिम्मा लिने व्यवस्था मिलाइनेछ । निर्णय प्रमाणित गर्ने कार्य संस्थाका अध्यक्षको हुनेछ ।

(३) संस्था बिघटन, एकीकरण वा बिभाजन गर्नुपर्ने भएमा सहकारी ऐन, नियम बमोजिमको प्रकृया पुऱ्याई गरिनेछ ।

**३०. साधारण सभाको निर्णय अनिवार्य हुने :**

यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा साधारण सभाको निर्णय अनिवार्य हुनेछ :

(क) संस्थाको कार्यसञ्चालनका लागि कर्मचारी प्रशासन, परामर्शदाता नियुक्ति, आर्थिक प्रशासन लगायतका कार्यविधिहरू बनाउने;

(ख) संस्थाले नेपाल सरकार वा प्रदेश सरकारका निकाय, स्थानीय तह, अन्य सहकारी सङ्घसंस्था, गैरसरकारी सङ्गठनसँगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा निर्णय लिने;

(ग) निजी क्षेत्रको कुनै उद्योग, व्यवसायसँग संस्थाले व्यावसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचासमेत तोकी पूर्व-स्वीकृति दिने;

(घ) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्यथा दीर्घकालीन भैपरि दायित्व सृजना गर्ने;

(ङ) बचत तथा ऋणको व्याजदर निर्धारण गर्ने;

(च) लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने;

(छ) वार्षिक कार्यक्रम बजेटका साथै जुनसुकै योजना, नीति, रणनीति पारित गर्ने र

(ज) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरूलाई वैदेशिक सभा, व्यापार मेला वा अवलोकन भ्रमण लगायतमा पठाउने ।

**३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक :**

(१) संस्थाका समस्त कार्यकलापमा साधारण सदस्यहरू सबैको नियमित रूपमा प्रत्यक्ष एवं रचनात्मक सहभागिता सुगम बनाउन कार्यक्षेत्रअन्तर्गत साधारणतया ३० जनाभन्दा बढी सदस्य पर्ने पायकको गाउँ, टोल वा उपक्षेत्रमा सङ्कलन, वितरण वा परिचालन सेवा संयोजनको बिन्दु पारेर साधारण सभाबाट तोकिए अनुसार सातवटा उपक्षेत्र कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको प्रत्येक गाउँ/टोल/उपक्षेत्रभित्रका सदस्यहरू सबै जना स्वतः सहभागी हुने गरी सदस्य सहभागिताको विस्तारित मञ्चको रूपमा गाउँ/टोल/उपक्षेत्रीय बैठक रहनेछ ।

**३२. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू :**

(१) गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू देहाय बमोजिम हुनेछन् :

(क) सदस्यहरूको आर्थिक उन्नयनका लागि समस्या तथा सम्भावनाहरूको सहभागितामूलक लेखाजोखा गरेर व्यावसायिक योजना तर्जुमा गरी संस्थामा पठाउने;

(ख) सदस्यहरूका साथै समुदायका सबैले सामना गर्नु परिरहेको सामाजिक जीवन, विकास र संरक्षणतर्फका साझा समस्याहरूको सम्बोधनका लागि सरोकारवालाहरूसँग मिलेर कार्ययोजनाहरू तर्जुमा एवं कार्यान्वयन व्यवस्था मिलाउने;

(ग) शिक्षा शिविर लगायतका शैक्षिक एवं जनचेतनामूलक गतिविधिहरू विस्तार गरेर समुदायमा सहकारी जागृति ल्याउने;

(घ) संस्थाका सेवाहरूको सञ्चालनमा क्रियाकलाप केन्द्रको रूपमा कार्य, स्रोत तथा साधनको जिम्मा लिएर सक्रिय भूमिका खेल्ने;

(ङ) महानगरपालिका / उपमहानगरपालिका / नगरपालिका / गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकारका निकायहरू र गैरसरकारी सङ्गठनहरूबाट प्राप्त हुने

सेवाहरूमा सदस्यहरूको पहुँच दिलाउन संस्थामार्फत् प्रदायकहरूसँग सम्पर्क स्थापना, बैठकमा आमन्त्रण, सहकार्यको प्रस्ताव समेतमा पहलकदमी लिने;

(च) समुदायका विपन्न सदस्यहरूसम्म सदस्यता विस्तार गर्नुका साथै संस्था तथा सम्बन्धित प्रदायकहरूबाट प्राप्त हुने सेवाहरूमा उनीहरूको पहुँच स्थापित गराउने;

(छ) संस्थाको नेतृत्व पङ्क्तिले सदस्यहरूको अपेक्षाअनुसार कार्य गरे, नगरेको बहस चलाएर विचलनहरूमा खबरदारी गर्ने;

(ज) आफ्नै प्रयासबाट जीविकोपार्जनका आधारहरू फराकिलो पार्न सकिन्छ भन्ने खालका रचनात्मक अभ्यासहरूबाट पहिचान बनाउने र

(झ) यस विनियमका व्यवस्थाका साथै साधारण सभाबाट भएका निर्णयहरूको कार्यान्वयन एवं सोको सिलसिलामा आवश्यक अन्य कार्यहरू गर्ने ।

(२) समितिले संस्थाको रणनीति, व्यावसायिक योजना वा कार्यक्रम बजेट तर्जुमा गर्दा गाउँ/टोल/उपक्षेत्रीय बैठकबाट प्राप्त प्रस्तावहरूमा ध्यान दिनुका साथै आम रूपमा सदस्यहरूलाई असर पर्ने खालको कुनै प्रस्तावको मस्यौदामा गाउँ/टोल/उपक्षेत्रीय बैठकको प्रतिक्रिया लिएर प्राप्त प्रतिक्रियाको विवरणसमेत खुलाएर साधारण सभामा पेश गर्नुपर्नेछ ।

**३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्य व्यवस्था :**

(१) गाउँ/टोल/ उपक्षेत्रीय बैठकको कार्यव्यवस्था मिलाउन देहायबमोजिमको संयोजन समिति रहनेछ :

(क) दफा ३४ बमोजिम गाउँ/टोल/उपक्षेत्रीय बैठकको प्रतिनिधित्व गर्ने समितिको सदस्य – संयोजक

(ख) सदस्यहरू मध्येबाट निर्वाचित – कोषाध्यक्ष

(ग) सदस्यहरू मध्येबाट निर्वाचित दुई जना – सदस्य

(घ) सदस्यहरू मध्येबाट निर्वाचित – सदस्य-सचिव ।

(२) उपदफा (१) बमोजिम संयोजन समिति गठन गर्दा उपलब्ध भएसम्म कम्तीमा दुई जना महिला हुनुपर्नेछ ।

(३) गाउँ/टोल/उपक्षेत्रीय बैठक प्रत्येक महिना कम्तीमा एकपल्ट पर्ने गरी आवश्यकताअनुसार बस्नेछ ।

(४) गाउँ/टोल/उपक्षेत्रीय बैठकमा अन्तर्गतका सबै सदस्यहरूलाई अनिवार्य रूपमा डाक्नुपर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले बैठकको कार्यसूची तयार पार्ने वा निर्णय कार्यान्वयन गर्ने सिलसिलामा संयोजन समितिका सदस्यहरू मात्र बसी बैठक राख्न बाधा पर्ने छैन ।

(५) गाउँ/टोल/उपक्षेत्रीय बैठकको गणपूर्ति ५१ प्रतिशत हुनेछ र उपस्थित सदस्यहरूको बहुमतबाट जुनसुकै निर्णय गर्न सकिनेछ ।

## परिच्छेद ६
## प्रतिनिधिमूलक अङ्गहरू

**३४. सञ्चालक समिति :**

(१) संस्थाको दैनिक कार्यसञ्चालनका लागि साधारण सभाले एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षसमेत जम्मा ११ जनाको सञ्चालक समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको निर्वाचन साधारण सभाका सम्पूर्ण सदस्यहरू मध्येबाट र बाँकी सदस्यहरूको निर्वाचन दफा ३१ को उपदफा (१) बमोजिम कायम हुने उपक्षेत्रहरू प्रत्येकबाट एक जना पर्ने गरी सम्बन्धित उपक्षेत्रभित्रका सदस्यहरू मध्येबाट गरिनेछ ।
तर संस्था दर्ता भएकै वर्षबाहेक कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम निर्वाचन गर्दा उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत (अर्थात् चार जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीनोटा फरक गाउँ/टोल/उपक्षेत्रीय बैठकहरूबाट महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये समेत प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने गरी साधारण सभाले निर्णय गर्नेछ ।

(४) सञ्चालकहरूको पदावधि तीन वर्ष हुनेछ तथा उनीहरू पुनःनिर्वाचित हुन सक्नेछन् ।
तर एकै व्यक्ति लगातार दुईपल्टभन्दा बढी अध्यक्षमा निर्वाचित हुन सक्ने छैन ।

(५) सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि उपनिर्वाचनबाट पूर्ति गरिनेछ ।

(६) उपदफा (५) बमोजिम उपनिर्वाचन गर्दा उपदफा (३) बमोजिम महिला सदस्यहरू मध्येबाट उम्मेदवार भई निर्वाचित भएको पद रिक्त भएको भए तदनुसार नै गरिनेछ ।

(७) नयाँ समितिको निर्वाचन नभएसम्म मौजुदा समितिले नै कार्य गर्नेछ ।

**३५. संचालक समितिको काम, कर्तव्य र अधिकार :**

सदस्यहरुको हितलाई ध्यानमा राखी संचालक समितिले देहाय वमोजिमका कार्यहरु गर्नेछः-

(क) संस्थाको समग्र व्यवस्थापन गर्ने ।

(ख) निर्धारित मापदण्डका आधारमा सदस्यता प्रदान गर्ने वा खारेज गर्ने ।

(ग) संस्थाको स्वीकृत विनियम एवं बचत र ऋण परिचालन नीतिको अधिनमा रही बैंक वा वित्तिय संस्था वा सहकारी बैंक वा आफू सदस्य रहेको सहकारीका संघबाट ऋण लिने वा अन्य सहकारी संस्थालाई ऋण दिने ।

(घ) बचत र ऋण परिचालनका लागि वचत तथा ऋण नीति साधारण सभाबाट पारित गराई लागू गर्ने ।

(ङ) कारोवारका हरहिसाव अद्यावधिक गरी गराई सोको विवरण पारित गर्ने ।

(च) सल्लाहकारको मनोनयन गर्ने वा हटाउने वा परिवर्तन गर्ने तथा विनियममा भएको व्यवस्था र आवश्यकता अनुसार विभिन्न उपसमितिहरुको गठन र विघटन गर्ने ।

(छ) संस्थाको स्वीकृत दरबन्दीमा योग्यताका आधारमा व्यवस्थापक लगायत अन्य कर्मचारी छनौट गरी नियुक्ति गर्ने र कर्मचारीहरुको तलब भत्ता एवं सुविधा निर्धारण गर्ने ।

(ज) संस्था संचालन सम्बन्धमा आवश्यक सम्पूर्ण कानूनी कार्यहरु गर्ने र आवश्यकता अनुसार परामर्श सेवा लिने सम्बन्धी निर्णय गर्ने ।

(झ) संस्थाको कार्यक्रम र वार्षिक बजेट साधारण सभामा स्वीकृतीको लागि पेश गर्ने ।

(ञ) संचालक समिति र लेखा समितिका रिक्त पद पूर्ति वा संचालकहरुको पदावधि सकिनु अगावै नयाँ समिति निर्वाचनको कार्य निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न तोकिए बमोजिम निर्वाचन समिति गठन गर्ने ।

(ट) विनियममा व्यवस्था भएका प्रावधानका आधारमा प्रक्रियागत ढंगले सभा बोलाउने र सभाको उचित व्यवस्थापन गर्ने ।

(ठ) साधारण सभाले निर्देश गरेका वा स्वीकृत गरेका कामहरु गर्ने ।

(ड) साधारण सभाको प्रत्यायोजित अधिकारका आधारमा समयमै निर्धारित प्रक्रिया पुरा गरी गराई लेखापरीक्षकको नियुक्ति गरी संस्थाको हरहिसाब लेखापरीक्षण गराउने ।

(ढ) साधारण सभाको बैठकमा पेश गरिने प्रतिवेदनहरु, बजेट तथा कार्यक्रमहरु, नीतिका मस्यौदाहरु, महत्वपूर्ण निर्णय अनुमोदन आदिको तयारी गर्ने ।

(ण) संचालक समितिका सदस्यहरुको जिम्मेवारी एवं कामको बाँडफांड गर्ने ।

(त) संचालक समितिको एक सदस्यको संयोजकत्वमा ३ सदस्यीय ऋण लगानी उप समिति गठन गर्ने, अन्य सदस्यहरु शेयर सदस्यमध्ये बाट सकेसम्म विषय बस्तुमा दखल राख्ने व्यक्तिहरु मध्येबाट मनोनयन गर्ने । यसै आधारमा अन्य उपसमितिहरुको समेत निर्माण गर्ने ।

(थ) संस्थाको बचत, लगानी तथा सबै सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने सामूहिक जिम्मेवारी संचालकहरुको हुनेछ ।
तर स्पष्ट कार्यविभाजन भएकोमा सोही बमोजिम व्यक्तिगत रुपमा बढी जिम्मेवार ठहराई कुनै पदाधिकारीलाई थप कारवाही प्रक्रिया चलाउन यस व्यवस्थाले बाधा पुग्ने छैन ।

(द) संस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको प्रशासनिक व्यवस्थालाई व्यवस्थित र सुदृढ गर्न कर्मचारी प्रशासन उप-विनियम बनाई साधारण सभामा स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयनमा ल्याउने ।

(ध) संस्थाको आर्थिक कृयाकलापलाई व्यवस्थित गर्न र आर्थिक अनुशासन कायम गर्न आर्थिक प्रशासन उप-विनियम बनाई स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने स्वीकृत भए बमोजिम कार्यान्वयनमा ल्याउने ।

३६. **समितिको बैठक :**

(१) संस्थाको कार्यसंचालनको लागि समितिको वैठक नियमित रुपमा वस्नेछ । समितिको दुई बैठक बीच ४५ दिन भन्दा बढीको अन्तर हुनेछैन । अध्यक्ष स्वंयले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा व्यवस्थापकले समितिको वैठक बोलाउनेछ ।

(२) अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिका एकाउन्न प्रतिशत संचालकहरु वैठकमा उपस्थित भए वैठक संचालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिका कम्तीमा २ जना संचालकहरुले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिन भित्र समितिको बैठक बस्ने व्यवस्था गरिनेछ ।

३७. **लेखा तथा सुपरिवेक्षण समिति :**

(१) नियमित रूपमा संस्थाको आन्तरिक लेखापरीक्षणका साथै आर्थिक कार्यविधिहरूको पालनाबाट संस्थामा वित्तीय सुशासन कायम गराउन साधारण सभाले एक जना संयोजक र दुई जना सदस्यहरू रहेको लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखा सुपरिवेक्षण समिति गठन गर्दा साधारण सभाका सम्पूर्ण सदस्यहरू मध्येबाट निर्वाचन गरिनेछ ।

(३) लेखा तथा सुपरिवेक्षण समितिका संयोजक वा सदस्यहरूको पदावधि तथा रिक्त पदपूर्ति व्यवस्था सञ्चालक सरह हुनेछ ।

## ३८. लेखा तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार

(१) संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने र समितिलाई सुझाव दिने ।

(२) समिति र उपसमितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियमसम्मत छ छैन जाँच गर्ने ।

(३) संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरुलाई हानी नोक्सानी पुग्ने अवस्था भएमा वा लेखा परीक्षणको कार्यमा संचालक वा व्यवस्थापनबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नुपर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समिति समक्ष अनुरोध गर्ने ।

(४) लेखापरीक्षण सम्वन्धी प्रतिवेदन साधारण सभा समक्ष अनिवार्य रुपमा पेश गर्ने ।

(५) लेखा समितिले साधारण सभामा पेश गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनेछः

- (क) समितिको बैठक बसेको संख्या ।
- (ख) गत वर्ष दिइएको सुझाव कार्यान्वयनको अवस्था ।
- (ग) अघिल्लो आर्थिक वर्ष र प्रतिवेदन पेश गरिने आर्थिक वर्षको तुलनात्मक आर्थिक विवरण ।
- (घ) प्रतिवेदन गरिने आर्थिक वर्षको मुख्य मुख्य आर्थिक उपलब्धी एवं कारोवारका कमजोर पक्षहरु ।
- (ङ) सहकारी सिद्धान्तहरु, सहकारी ऐन नियमहरु एवं संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था ।
- (च) संस्थाको स्वीकृत बचत तथा ऋण नीति एवं अन्य नीतिहरुको पालनाको अवस्था ।
- (ज) कर्मचारी व्यवस्थापनका सवल पक्षहरु र दुर्वल पक्षहरु ।
- (झ) संचालक समितिको कार्यप्रणाली र त्यसमा सुधार गर्नु पर्ने पक्षहरु ।
- (ञ) गत वर्ष सम्पन्न लेखापरीक्षणको गुणस्तर र सुधारका सुझावहरु ।
- (ट) स्थानीय सरकारका सहकारी हेर्ने कार्यालय वा आफ्नो संस्था आबद्ध रहेको संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत, संचालकहरुलाई दिइएको मुख्य मुख्य सुझावको विवरण तथा पालनाको अवस्था ।
- (ठ) संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकनः प्रभावकारिता, दक्षता, क्रियाशीलता,कर्मचारीको मनोवलको अवस्था, व्यावसायिकता आदि पक्ष ।

## ३९. समिति वा लेखा तथा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था

देहायका अवस्थामा समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्य पद रिक्त भएको मानिनेछ :-

- (क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा समितिले स्वीकृत गरेमा र अध्यक्षको हकमा साधारण सभाले निजको राजिनामा स्वीकृत गरेमा ।
- (ख) मृत्यु भएमा ।
- (ग) समितिबाट स्वीकृति नलिई संस्थाको कार्य प्रकृतिसँग मेल खाने निजी व्यापार तथा समानान्तर व्यवसाय संचालन गरेको प्रमाणित हुन आएमा ।
- (घ) विनियमको दफा १२, १३ र १४ बमोजिम सदस्यता हुने योग्यता नरहेमा ।
- (ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा । तर निर्णय अनुसार कुनै संचालकले प्रबन्धक वा व्यवस्थापकको रुपमा काम गर्न सक्नेछ ।
- (च) विना सूचना लगातार ३ महिना सम्म वैठकमा अनुपस्थित भएमा ।
- (छ) १ वर्ष भन्दा बढी अबधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा ।
- (ज) काभ्रेपलाञ्चोक जिल्ला भित्रकै समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य वा संचालक वा कुनै समिति उपसमितिको पदाधिकारी भएको प्रमाणित हुन आएमा ।

(झ) पदाबधि समाप्त भएमा ।

(ञ) साधारण सभाको निर्णय अनुसार पदबाट हटाएमा वा समिति विघटन गरिएमा ।

तर उपरोक्त (ग) वा (ज) बमोजिम संचालकको वारेमा निर्णय लिनु अघि निजलाई सफाईको मौका वा उपरोक्त बमोजिमका जिम्मेवारी छाड्ने मनासिव माफिकको समय सीमा प्रदान गर्नु पर्नेछ ।

४०. **उपसमितिहरूको गठन काम, कर्तव्य र अधिकार:** संस्थामा कार्यसञ्चालनका लागि आवश्यकता अनुसार सञ्चालक समितिले विभिन्न उपसमिति गठन गर्नसक्नेछ । उपसमितिका संयोजक सञ्चालक समितिका पदाधिकारी रहनेछ । बाँकी सदस्यहरु  सभा सदस्यमध्येबाट छानिनेछन् ।

क. **ऋण लगानी उपसमिति :**

(१) ऋण लगानी उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । समितिले तोकेको समितिको एक जना संचालक संयोजक र बाँकी दुईजना सदस्यहरु समितिले शेयर सदस्यहरु मध्येबाट मनोनयन गर्नेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म ऋण लगानी उपसमितिको पदमा मनोनयन गरिने छैन ।

(३) उपदफा (१) वमोजिम गठित उपसमितिको पदावधि समितिको निर्णय बमोजिम हुनेछ ।

ख. **ऋण लगानी उपसमितिको बैठक :** ऋण लगानी उपसमितिको बैठक आवश्यकतानुसार जुन

सुकै वेला पनि बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउनेछ ।

ग. **ऋण लगानी उपसमितिको काम, कर्तव्य र अधिकार :**

(१) साधारण सभाबाट पारित वचत तथा ऋण नीति र समितिले दिएको निर्देशनको अधिनमा रही सदस्यहरुबाट पेश हुन आएका निवेदन माथि अध्ययन गरी ऋण दिन मनासिव देखिएमा ऋण प्रदान गर्न समतिलाई सिफारिस गर्ने । यसो गर्दा सुरक्षणको अवस्था बारे विभिन्न प्रक्रिया अवलम्बन गरी जाँच गर्ने र सुरक्षित लगानीको स्पष्ट आधार उल्लेख गरी निर्णय लिने । यस्ता आधार अन्तर्गत सम्पत्तिको यथार्थ मूल्यांकन, स्थलगत अध्ययन र सर्जमिनका आधारमा प्रचलित बजारभाउ, धितो राखिने सम्पत्तिमा पारिवारिक खिचलो तथा मुद्दा मामला भए नभएको आदि विषयमा एकीन गर्नेछ ।

(२) सदस्यहरुवाट संस्थामा रहेको नगद मौज्दात भन्दा वढी ऋण माग भई निवेदन पेश हुन आएमा नगद मौज्दातको स्थिति, सदस्यहरुको आवश्यकता, ऋणको प्रकृति, ऋणको रकम र निवेदन दिएको मिति आदिलाई ध्यानमा राखी ऋण निवेदनमाथि प्राथमिकता निर्धारण गरी निर्णय गर्नेछ ।

(३) सदस्यवाट तोकिएको समयमा नै ऋण चुक्ता भयो भएन नियमित अनुगमन गर्ने गराउने काम गर्नेछ ।

(४) सदस्यद्धारा ऋणको सुरक्षण बापत राखिएका धितोपत्रहरुको समय समयमा निरीक्षण गर्नेछ ।

(५) सदस्यले आफूले लिएको ऋण चुक्ता गर्न ढिलो वा अटेर गरेमा ऋण असूली प्रकृया शुरु गर्ने र कानुनी कारबाहीको लागि समिति समक्ष समयमै पेश गर्नेछ र निर्णय भए बमोजिम गर्नेछ ।

(६) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

घ. **शिक्षा उपसमिति :**

(१) शिक्षा उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । समितिले तोकेको समितिको एक जना संचालक संयोजक र अन्य दुईजना सदस्यहरु समितिले मनोनयन गर्नेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म शिक्षा उपसमितिको कुनै पदमा मनोनयन गरिने छैन ।

(३) उपदफा (१) वमोजिम गठीत उपसमितिको पदावधि समितिले तोके बमोजिम हुनेछ ।

ङ. **शिक्षा उपसमितिको बैठक :**

शिक्षा उपसमितिको बैठक आवश्यकतानुसार जुन सुकै बेला बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउनेछ ।

च. **शिक्षा उपसमितिको काम, कर्तव्य र अधिकार :**

(१) सहकारीको अवधारणा, सहकारीका मूल्य मान्यता र सिद्धान्तका सम्बन्धमा सदस्यहरुलाई ज्ञान दिलाउनका लागि स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सहकारी सम्वन्धी तालिम, अन्तर्क्रिया, गोष्ठी, सेमिनारको आयोजना गर्ने ।

(२) संस्थाको सदस्य र गैर सदस्यहरुका वीचको भेदको वारेमा सदस्यलाई जानकारी दिने ।

(३) संस्थामा सकेसम्म नयाँ सदस्यहरु सामेल गराउन प्रयत्नशील रहने ।

(४) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

छ. **अन्य उपसमितिहरुको गठन** : संचालक समितिले संस्थाको उद्देश्य र कार्यहरु संचालन गर्न आवश्यकतानुसार अन्य उप-समितिहरुको गठन गर्न सक्नेछ । समितिले त्यसरी उपसमितिको गठन गर्दा त्यस्तो उपसमितिले गनुपर्ने काम, कार्य सम्पन्न गर्नुपर्ने अवधि तथा निजहरुको शर्त तथा सुविधाहरु तोकिदिनेछ ।

ज. **समिति उपसमितिका पदाधिकारीहरु एवं सदस्यहरु अवैतनिक हुने :**

संचालक समिति एवं अन्य समिति वा उप समितिका पदाधिकारी लगायत सदस्यहरु अवैतनिक हुनेछन् । तर, संचालक सदस्य मध्ये कसैले प्रबन्ध संचालकका रुपमा कार्य गरी पारिश्रमिक लिन यो दफाले बाधा पुऱ्याएको मानिने छैन ।

४१. **प्रतिनिधित्व** : संस्थाबाट विभिन्न निकायमा प्रतिनिधित्व गर्नका लागि सञ्चालक समितिबाट निर्णय गरी सहकारीका विभिन्न संघहरुमा,कार्यक्रममा तथा कार्यालयमा प्रतिनिधित्व गरिनेछ ।

## परिच्छेद ७
## कार्यसञ्चालन

४२. **उत्तरदायित्व शृङ्खला :**

संस्थाको कार्यसञ्चालनमा नियुक्त कर्मचारीहरू निर्वाचित समितितर्फ र निर्वाचित प्रतिनिधिहरू साधारण सभातर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व शृङ्खला कायम गरिनेछ ।

४३. **अध्यक्ष तथा सञ्चालक समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

(क) **अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-**

(क) समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने ।

(ख) साधारण सभाद्धारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

(ग) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उचित प्रयोगको व्यवस्था मिलाउने ।

(घ) संचालकहरुलाई आ-आफ्नो जिम्मेवारी बहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने ।

(ङ) संचालकका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्न वा नगर्न राय साथ समितिमा निर्णयका लागि पेश गर्ने ।

(च ) संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने ।

(छ) समितिको वैठक नवसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी वैठकमा अनुमोदनको लागि पेश गर्ने ।

(ज) साधारण सभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने ।

(झ) संस्थाको कुनै काम कारवाहीको सम्बन्धमा आवश्यकतानुसार जाँचबुझ वा निरीक्षण गर्ने, गराउने ।

(ञ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैब सक्रिय रहने ।

(ट) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने ।

(ठ) विनियमका व्यवस्थाहरुको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने ।

(ड) सहकारीका सिद्धान्तहरु र सहकारी ऐन नियम तथा सहकारी विभागका निर्देशनहरुको पालना गर्ने गराउने ।

(ढ) संबन्धित स्थानीय सरकारका सहकारी हेर्ने कार्यालयको निर्देशन तथा सुझावहरुको पालना गर्ने गराउने साथै यस विनियम बमोजिम दिनु पर्ने सूचना वा प्रतिवेदनहरु समयमा नै पेश गर्ने ।

(ण) स्थानीय सरकारका सहकारी हेर्ने कार्यालय वा सहकारीका सम्बन्धित संघबाट गरिने अनुगमन निरिक्षण कार्यमा सहयोग गर्ने एवं प्राप्त निर्देशन र सुझावहरुको पालना गर्ने गराउने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-**

(क) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ख) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

(घ) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

(ङ) साधारण सभा वा समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-**

(क) अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको वैठक वोलाउने,

(ख) साधारण सभा तथा समितिद्धारा पारित निर्णयहरु कार्यान्वयन गर्ने, गराउने

(ग) साधारण सभाको अधिवेशन र समितिको वैठकको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने, वैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरु सदस्यहरुलाई पठाउने ।

(घ) साधारण सभावाट निर्णय गर्नुपर्ने कुनै निर्णयहरु भए पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने (ङ) साधारण सभा र संचालक समितिवाट भएको निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

(च) कर्मचारी प्रशासन सम्वन्धी सम्पूर्ण कार्य गर्ने, गराउने ।

(छ) संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयम संलग्न रही पबवन्ध, निरीक्षण निर्देशन दिने

(ज) अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-**

(क) संस्थाको आर्थिक कारोवार सम्वन्धी जिम्मा लिने,

(ख) संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्ने राख्न लगाउने,

(ग) साधारण सभा तथा समितिले मागेका वखत संस्थाको दैनिक कारोवार संग सम्वन्धित विवरण उपलव्ध गराउने ।

**(ङ) संचालक सदस्यको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ**

(क) संचालक समितिको वैठकमा नियमित रुपमा सहभागी हुने ।

(ख) संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

(ग) निर्णय अनुसार विभिन्न उप समितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।

(घ) बैठकबाट गरिने निर्णयहरु संस्थाको हीतका लागि हुनु पर्ने विषयमा सजग रहने ।

(ङ) सहकारीका सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन नियम, संस्थाको स्वीकृत विनियमावली र अन्य नीतिहरुको वर्खिलाप हुने गरी संस्था संचालन हुन नदिने ।

(च) संस्थासंग आवद्ध सम्पूर्ण सदस्यहरुको प्रतिनिधिको रुपमा सदस्यहरुको हित प्रबर्द्धन हुने काम गर्ने गराउने ।

**४४. व्यवस्थापकको नियुक्ति एवं कार्यालय व्यवस्थापनमा व्यवस्थापक तथाकार्यकारी प्रमुखको काम कर्तव्य र अधिकार**

**क कर्मचारी व्यवस्थापन :**

(१) स्वीकृत कर्मचारी प्रशासन उप-विनियम बमोजिम कर्मचारी प्रशासन संचालन गर्ने व्यवस्था मिलाइनेछ । यस्तो व्यवस्था नभएको अवस्थामा अन्तरिम रुपमा संचालक समितिबाट निर्णय गराई आवश्यक प्रशासनिक निर्णय लिनु पर्नेछ ।

(२) साधारण सभाको स्वीकृत दरबन्दी र संस्थाको आर्थिक सक्षमताको आधारमा समितिको निर्णय अनुसार निश्चित प्रक्रिया पुरा गरी गराई व्यवस्थापक नियुक्त गर्न सकिनेछ ।

(३) उपदफा (२) वमोजिम व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिले संस्थाको कुनै संचालकलाई प्रबन्ध संचालकको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछ । संस्थाको क्षमता र प्रचलनका आधारमा निजको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

(४) व्यवस्थापकले कर्मचारी प्रशासन उप-विनियम तथा संस्थाको क्षमताको आधारमा संचालक समितिको निर्णय अनुसार निश्चित प्रक्रिया पुरा गरी गराई संस्थालाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्त गर्नेछ ।

(५) संस्थाले कर्मचारी भर्ना गरी संस्थाको काम संचालन गर्न सक्ने अबस्था नभएमा संचालक समितिको निर्णय अनुसार संचालकहरु वीच कामको बाँडफाँड गरी स्पष्ट जिम्मेवारी समेत तोकी संस्था संचालन गरिनेछ ।

**४५. कार्यकारी प्रमुख वा व्यवस्थापकको काम, कर्तव्य र अधिकारः**

(क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गरी संचालक समितिलाई सहयोग गर्ने,

(ख) संस्थाको सदस्यता आवेदन फारमहरु संकलन एवं विवरण तयार गरी समितिमा स्वीकृतिका लागि प्रस्तुत गर्ने र आवश्यक सूचनाहरु उपलब्ध गराउने,

(ग) साधारणसभा र संचालक समितिका सवै बैठकहरुमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलब्ध गराउने,

(घ) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समिति र साधारणसभाका बैठकहरुको विषय सूची तयार गर्ने,

(च) संस्थाका सदस्यहरुलाई सहकारी संबन्धी चेतना अभिबृद्धि गर्न सहकारी विषयका विविध पक्षमा जनचेतना मूलक अभिमूखिकरण कार्यक्रम तथा तालीमको संयोजन गर्न शिक्षा उपसमितिलाई सहजिकरण गर्ने,

(छ) संस्थाका सवै कर्मचारीहरुको कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने गराउने । संस्थाका सबै कामहरु सुचारु रुपमा संचालन गर्न गराउन नेतृत्व गर्ने, कामको सुपरिवेक्षण गर्ने, कर्मचारी बीच समन्वय गर्ने, कार्य सम्पादनको मूल्यांकन गर्ने गराउने, कामको मूल्यांकनको आधारमा कर्मचारीहरुलाई पुरस्कृत वा सजाय गर्ने आदि ।

(ज) साधारण सभा र संचालक समितिको निति, निर्देशन एवं निर्णय र बेथानचोक गाउँकार्यपालिकाको कार्यालयको निर्देशन कार्यान्वयन गर्ने गराउने,

(झ) समितिप्रति उत्तरदायी हुने,

(ञ) जनसम्पर्कका अन्य कार्यहरु गर्ने, गराउने ।

(ट) संस्थाको व्यवस्थापन चुस्त राख्न वित्तीय विश्लेषण र अनुगमनको लागि PEARLS अनुगमन पद्धतिको अवलम्बन गर्ने । यसका लागि संस्थाका संचालक, लेखा समितिका पदाधिकारी र कर्मचारीलाई आवश्यकता अनुसार तालिममा सहभागी गराउने व्यवस्थाका लागि पहल गर्ने ।

(ठ) पदाधिकारी एवं कर्मचारीको ज्ञान, सीप र काममा रुची बढाउन तालिम एवं अध्ययन भ्रमण को कार्यक्रम साथै कर्मचारीहरुका लागि Incentive Package को योजना बनाई स्वीकृतिको लागि पेश गर्ने ।

(ड) कार्य सम्पादन तथा उपलब्धिको आधारमा पदाधिकारी एवं कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम बनाई स्वीकृतिका लागि पेश गर्ने ।

**४६. विशेष जिम्मेवारी :**

समिति, अध्यक्ष र व्यवस्थापकले यस विनियममा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरू सम्पादन गर्ने, गराउने विशेष जिम्मेवारीसमेत बहन गर्नुपर्नेछ ।

**४७. कर्मचारीको नियुक्ति तथा सेवाका शर्त**

(१) स्वीकृत कर्मचारी प्रशासन उप-विनियम बमोजिम कर्मचारी प्रशासन संचालन गर्ने व्यवस्था मिलाइनेछ । यस्तो व्यवस्था नभएको अवस्थामा अन्तरिम रुपमा संचालक समितिबाट निर्णय गराई आवश्यक प्रशासनिक निर्णय लिनु पर्नेछ ।

(२) साधारण सभाको स्वीकृत दरबन्दी र संस्थाको आर्थिक सक्षमताको आधारमा समितिको निर्णय अनुसार निश्चित प्रक्रिया पुरा गरी गराई व्यवस्थापक नियुक्ति गर्न सकिनेछ ।

(३) उपदफा (२) वमोजिम व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिले संस्थाको कुनै संचालकलाई प्रबन्ध संचालकको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछ । संस्थाको क्षमता र प्रचलनका आधारमा निजको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

(४) व्यवस्थापकले कर्मचारी प्रशासन उप-विनियम तथा संस्थाको क्षमताको आधारमा संचालक समितिको निर्णय अनुसार निश्चित प्रक्रिया पूरा गरी गराई संस्थालाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्ति गर्नेछ ।

(५) संस्थाले कर्मचारी भर्ना गरी संस्थाको काम संचालन गर्न सक्ने अबस्था नभएमा संचालक समितिको निर्णय अनुसार संचालकहरु वीच कामको वाँडफाँड गरी स्पष्ट जिम्मेवारी समेत तोकी संस्था संचालन गरिनेछ ।

## परिच्छेद ८
## कोषको व्यवस्था

### ४८. संस्थाको कोष

(१) संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :

(क) शेयर लगायत संस्थाले आर्जन गरेका सवै किसिमका आम्दानी,

(ख) नेपाल सरकार वा गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय दातृ संघ संस्थावाट प्राप्त अनुदानको रकम,

(घ) संस्थाले शेयर विक्री गरे वापत प्राप्त रकम, नियमित वचत र सदस्यता वापत प्राप्त शुल्कहरु ।

(ङ) अन्य श्रोतवाट प्राप्त रकम ।

(२) उपदफा (१) वमोजिमको कोषको रकम विनियममा व्यवस्था भए वमोजिमको कार्यमा खर्च गरिनेछ ।

(३) संस्थाले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थावाट ऋण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनेछ ।

(४) उपदफा (१) वमोजिम संस्थालाई प्राप्त हुने सवै प्रकारको रकम समितिले निर्णय गरेको कुनै वैंकमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, वचत, मुद्दती) खोली जम्मा गरिनेछ

### ४९. कोषको सुरक्षा

(१) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा रहनेछ ।

(२) उपदफा (१) मा उल्लेखित अवस्था वाहेक संस्थाको रकम समितिले कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ ।

(३) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानुन वमोजिम स्थापित बीमा कम्पनीमा आवश्यकतानुसार सदस्यहरुको शेयर, बचत र ऋण लगानी जस्ता रकमको सुरक्षणका लागि बीमा गर्न सक्नेछ ।

### ५०. कोषको उपयोग :

(१) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियमका व्यवस्थाहरूको अधीनमा रही संस्थाका उद्देश्यहरू हासिल गर्ने गरी कार्यहरूको सञ्चालनका लागि गरिनेछ ।

(२) संस्थाको कोषको रकम कुनै कम्पनीको सेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन ।

(३) जगेडा कोष समेतवाट आर्जित आम्दानी सोही कोषमा जम्मा हुनेछ र अन्य कोषहरुबाट एवं संस्थाको दैनिक कारोवारबाट आर्जित व्याज वा आम्दानी संस्थाको आम्दानी मनिनेछ । आर्थिक वर्षको अन्त्यमा लेखापरीक्षण भई देखिएको खुद मुनाफा विनियममा व्यवस्था भए वमोजिमको कोषहरुमा सारिनेछ ।

**५१. खाता सञ्चालन :** कोषको खाताको संचालन समितिको अध्यक्ष र प्रबन्ध संचालक वा व्यवस्थापकको संयुक्त दस्तखतवाट हुनेछ । कोषको सम्पूर्ण जिम्मा खाता संचालकहरुमा रहनेछ । कोषबाट रकम झिक्दा संस्थाको स्वीकृत विनियम बमोजिम स्पष्ट निर्णय भएको कामका लागि हुनुपर्दछ । रकम चलनमा ल्याउने आधारहरु कानूनसम्मत हुनुपर्नेछ । संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा झिक्न वा प्रयोग गरिएको पाइएमा अख्तियार दुरुपयोग गरेको मानिनेछ ।

**५२. बचतको वितरण :**

(१) संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जगेडा कोषमा सारेर बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी सोको वितरण देहाय बमोजिम गरिनेछ :

(क) संरक्षित पुँजी कोष कम्तीमा २५ प्रतिशत;
(ख) सहकारी शिक्षा कोष १५ प्रतिशत;
(ग) सेयर लाभांश कोष २० प्रतिशत;
(घ) कर्मचारी बोनस कोष ८ प्रतिशत;
(ङ) सहकारी विकास कोष ५ प्रतिशत;
(च) घाटापूर्ति कोष १० प्रतिशत;
(छ) सामुदायिक विकास कोष १० प्रतिशत;
(ज) सहकारी प्रवर्धन कोष ०.५ प्रतिशत;
(ञ) साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण वा अन्य जोखिम व्यवस्था कोष १.५ प्रतिशत र
(ट) सदस्य हित कोष ५ प्रतिशत ।

**५३. जगेडा कोष : संस्थाको जगेडा कोषमा देहाय वमोजिमको रकम रहनेछः-**

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाव जांच भएपछि खुद लाभांशवाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम,
(ख) विभिन्न निकायबाट प्राप्त पूँजीगत अनुदान
(ग) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम ।

**५४. संरक्षित पुँजी फिर्ता :**

दफा ५२ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कोषबाट नियमावली बमोजिम र नियमावली नबनुञ्जेल सञ्चालक समितिको निर्णय बमोजिम कारोबारको आधारमा संरक्षित पुँजी फिर्ता गरिनेछ ।

**५५. लाभांश वितरण नगरिने :**
कुनै वर्षको सेयर लाभांश दफा ५२ को उपदफा (२) को खण्ड (ग) मा उक्त वर्षको खुद बचतबाट सारिएको रकमभन्दा बढी हुने गरी वा सदस्यले खरिद गरेको सेयरको रकमको १८ प्रतिशतभन्दा बढी हुने गरी वितरण गरिने छैन ।

**५६. जगेडा कोषमा रकम सार्नुपर्ने**
शेयर लााभाँश कोष र संरक्षित पूँजी फिर्ता कोषबाट रकम वितरण भई बाँकी हुन आउने रकम जगेडा कोषमा जम्मा गरिनेछ ।

## परिच्छेद ९
## बचत परिचालन

**५७. बचत सङ्कलन गर्न सक्ने :**

(१) संस्थाले ऐन, नियमावली, यस विनियमका व्यवस्था र साधारण सभाबाट स्वीकृत बचत परिचालन निर्देशिकाका सर्त-बन्देजअन्तर्गत सदस्यहरूबाट बचत सङ्कलन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बचत परिचालन निर्देशिकामा अन्य कुराका अतिरिक्त दफा ५८, ५९, ६०, ६१ र ६२ का व्यवस्थाका साथै देहायका सर्त-बन्देजहरू समावेश गरिनेछन् :

(क) योजनाको उद्देश्य फारु गर्ने बानी बसालेर अड्कोफड्को टारी ऋणग्रस्त हुनुबाट बच्नुका साथै पाँच-सात वर्षभित्रै जेथा जोड्न सक्ने बन्ने हुनुपर्ने;

(ख) सदस्यहरूबाट मात्र बचत सङ्कलन गर्नुपर्ने;

(ग) सदस्यहरूको बचत खाता मात्र खोल्न सकिने;

(घ) सदस्यहरूले संस्थामै आई बचत जम्मा गर्नुपर्ने; संस्थाले बजार प्रतिनिधि वा अन्य कुनै नामको प्रतिनिधि, अभिकर्ता वा कर्मचारी सदस्यहरूको घर-घरै खटाएर बचत उठाउन नहुने;

(ङ) आर्थिक सुरक्षाको न्यूनतम स्तरको रूपमा दुई महिनाको पारिवारिक निर्वाह खर्चको रकम रु. १५,७३०।- भन्दा बढी बचत राख्ने सदस्यले त्यसपछिको प्रत्येक रु. १,०००।- का लागि थप एक सेयर खरिद गर्नुपर्ने;

(च) ऐन बमोजिम तोकिएको सन्दर्भ व्याजदरअनुसार बचत तथा ऋणको व्याजदर निर्धारण हुने र

(छ) ऋणमा व्याज पूँजीकरण नगरिने तथा व्याज गणना गर्दा तिर्न बाँकी साउँ रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा वार्षिक ३ प्रतिशतसम्म हर्जाना लिन सकिने ।

**५८. बचत सङ्कलनमा सीमा :**

(१) संस्थाको जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पुँजी कोषको १५ गुनाभन्दा बढी हुने छैन ।
**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनका लागि प्राथमिक पुँजी कोषको गणना गर्दा शेयर पुँजीको रकममा जगेडा कोषको रकम जोडी हुन आउने रकमलाई लिइनेछ ।

**५९. ऋण दिन सक्ने :**

(१) संस्थाले तरलताका लागि १५ प्रतिशत वा दर्ता गर्ने अधिकारीले तोकिदिएको अन्य कुनै सीमासम्मको रकम छुट्ट्याएर सदस्यहरूलाई देहाय बमोजिम ऋणको रूपमा दिन सक्नेछ:

(क) सदस्यको व्यक्तिगत बचतको तीन गुनासम्म आफ्नै बचतको सुरक्षणमा र

(ख) सदस्यको व्यक्तिगत बचतको छ गुनासम्म सदस्यका साथै सामूहिक जमानी बस्ने सदस्यहरूको बचतको सुरक्षणमा ।

तर यस उपदफा बमोजिम एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम रु. १ लाखभन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समूहको जमानी विना वा रु. १ लाखभन्दा बढी रकम ऋण लिन चाहेमा चल-अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण शैक्षिक, आवास, स्वास्थ्योपचार, रोजगारीमूलक वा उत्पादनमूलक प्रयोजनका लागि मात्र हुनेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले अभाव, घटना वा अन्य अड्कोपड्को पर्दा उपदफा (१) बमोजिम उपभोग, कर्मकाण्ड वा अन्य औचित्यपूर्ण प्रयोजनमा ऋण दिन बाधा पर्ने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यता लिएर नियमित रूपमा बचत जम्मा गर्न थालेको तीन महिना व्यतीत नहुँदै संस्थाबाट कसैलाई पनि ऋण प्रदान गरिने छैन ।

(५) ऋण प्रवाहमा प्राथमिकता लगायतका अन्य व्यवस्था बचत परिचालन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

**६०. ऋण प्रवाहमा सीमा :**

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाबाट कुनै एक सदस्यलाई दफा ५९ को उपदफा (१) बमोजिम तरलता व्यवस्थापछिको लगानीयोग्य रकमको आधा प्रतिशतभन्दा बढी ऋण दिन सकिने छैन ।

तर लगानीयोग्य रकम रु. ६० लाख नपुग्दासम्म यो बन्देज लागू हुने छैन ।

(२) उपदफा (१) को अधीनमा रही कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीलाई दिन सकिने ऋणको सीमा साधारण सभाले बेला-बेलामा तोकिदिए बमोजिम हुनेछ ।

**६१. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने :**

संस्थाले सङ्कलन गरेको बचतको रकम दफा ५७ बमोजिम स्वीकृत बचत परिचालन निर्देशिकाका सर्त-बन्देजअन्तर्गत सदस्यहरूलाई ऋण दिने बाहेकको कुनै प्रयोजनमा लगाइने छैन ।

तर यसमा लेखिएको कुनै कुराले बचतको रकम तरलता बापत नगदै राख्न वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिदमा उपयोग गर्न बाधा पर्ने छैन ।

**६२. साधारण सभाको स्वीकृति लिनुपर्ने :**

समितिले देहायका विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मानदण्डको प्रतिकूल नहुने गरी साधारण सभाको स्वीकृति लिनुपर्नेछ :

(क) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्दा, अपलेखन गर्नुपर्दा वा ऋणका सर्त-बन्देजहरू फेर्नु पर्दा;

(ख) संस्थाको स्व-प्रयोजनका लागि जग्गा, घर लगायतका अचल सम्पत्ति खरिद गर्नु पर्दा र
(ग) व्यवस्थापकको तलब वा सुविधा बढाउनु पर्दा ।

## परिच्छेद १०
## कारोबारमा सीमाङ्कन

**६३. सदस्य केन्द्रीयता :**

(१) संस्थाले देहाय बमोजिम गरी व्यावसायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्नेछ :

(क) बचत परिचालन सेवामा बचत सङ्कलन र ऋण लगानी दुवै पूर्णतया सदस्यहरूमै सीमित गरेर ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैरव्यावसायिक सेवाहरूमा सदस्य र गैरसदस्यबीच पहुँचमा कुनै किसिमले विभेद गरिने छैन ।

**६४. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध :** सदस्य तथा पदाधिकारीहरुले आफ्नो स्वार्थ बाझिने निर्णयमा सहभागिता जनाउन पाउने छैनन् । यो कुरा जानी जानी उल्लंघन गर्न प्रतिबन्ध लगाइएको छ । पछाडि प्रमाणित हुन आएमा कसूर गरेको मानिनेछ ।

**६५. कर्मचारीसँगको कारोबारमा निर्बन्धन :**
संस्थाका कर्मचारी र संस्थाबीचको कारोबार दर्ता गर्ने अधिकारीबाट जारी भएको निर्देशन बमोजिम निर्बन्धित हुनेछ ।

**६६. जोखिम मूल्याङ्कन :**
संस्थाले सदस्यता प्रदान गर्दा वा कारोबार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्धीकरण निवारण निर्देशन बमोजिम जोखिम मूल्याङ्कन गरिनेछ ।

**६७. कारोबार नगरिने :**
सम्पत्ति शुद्धीकरण निवारण कानुन अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका व्यवस्था विपरीत संस्थाबाट कसैसँग कुनै कारोबार गरिने छैन ।

## परिच्छेद ११
## अभिलेख

**६८. कारोबारको लेखा :**
संस्थाको आर्थिक कारोबारको लेखा दर्ता गर्ने अधिकारीले तोकेको लेखामान एवं खाता संरचना बमोजिम राखिनेछ ।

**६९. खाताबहीः संस्थाले राख्नु पर्ने बहीखाता एवं दर्ता किताव हरु देहाय बमोजिम रहनेछन्ः**
संस्थाले देहाय वमोजिमको खातावही तथा दर्ता किताव राख्नेछः-

(क) विनियमको दफा ९ (अनुसूची-२) बमोजिमको सदस्य दर्ता किताब,
(ख) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा समिति र उपसमितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु ,
(ग) नगद बहीखाता ,
(घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासंग कुनै कारोवार गरेका भए सो कारोवार देखाउने किताब,

(ङ) शेयर दर्ता किताब,
(च) ऋण लेनदेन गरेको दर्ता किताब,
(छ) बेरुजू एवं सम्परीक्षण किताब,
(ज) व्यक्तिगत खाता,
(झ) सदस्यहरुको व्यक्तिगत  बचत खाता,
(ञ) जिन्सी दर्ता किताब,
(ट) आम्दानी, खर्च, सम्पत्ति र दायित्व देखिने खाताहरु,
(ठ) समय-समयमा समिति तथा दर्ता तथा अनुगमन अधिकारीले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु ।

**७०. आन्तरिक हिसाब जाँचः**
संस्थाको आन्तरिक हिसाब जाँच लेखा समितिको काम, कर्तव्य र अधिकारभित्र पर्नेछ । चौमासिक रुपमा आन्तरिक हिसाब जाँच गराई समयमै गल्ती सुधार गर्ने गराउने जिम्मेवारी लेखा सुपरिवेक्षण समितिको हुनेछ ।

**७१. वार्षिक हिसाब जाँच वा लेखापरीक्षण**
(१) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका रजिष्टर्ड लेखापरीक्षकबाट गराई सक्नेछ ।
(२) लेखापरीक्षकले आफ्नो प्रतिवेदन वार्षिक साधारणसभा समक्ष स्वंय प्रस्तुत गर्नेछ ।
(३) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके वमोजिम हुनेछ ।
(४) एउटै लेखापरीक्षकलााई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिने छैन ।
(५) साधारण सभाले लेखा परीक्षक नियुक्त गर्दा  साधारण सभाबाटै नाम निर्णय गराई पारिश्रमिक समेत तोक्ने काम गरिनेछ ।
(६) साधारण सभाले लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने अधिकार संचालक समितिलाई दिन सक्नेछ ।
(७) लेखा परीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ :
(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी संबन्धी कानूनको पालना गरेका छन छैनन् ।
(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत निति तथा निर्देशिकाहरुको पालना गरेका छन छैनन् ।
(ग) लेखापरीक्षक नियुक्तिमा दिएको निर्देशन बमोजिमका विषयहरुमा संक्षिप्त टिप्पणी ।
(घ) विशेष गरी प्रतिवेदनमा बचत कर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरु प्रयाप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यवस्थापकहरुबाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयासहरु भएका छन वा छैनन् ।
(ङ) संस्थाका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋण र पेश्कीका वारेमा लिएको अंक, रकम दिंदा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र साँवा व्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि ।

(८) लेखापरीक्षकको प्रतिवेदनमा उपरोक्त विवरण समावेश नभएमा साधारण सभा वा संबन्धित बेथानचोक गाउँकार्यपालिकाको कार्यालयले अर्को लेखापरीक्षक नियुक्त गर्न निर्देश गर्न सक्नेछ वा त्यस्ता लेखापरीक्षकलाई त्यस संस्थाको आगामी वर्षहरुको लेखापरीक्षण गर्न अनुमति नदिन सक्नेछ ।

**७२. विद्युतीय लेखा प्रणालीको प्रयोग :**
संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गर्दा सम्पत्ति शुद्धीकरण जोखिम मूल्याङ्कन गरी दर्ता गर्ने अधिकारीको पूर्व-स्वीकृति लिइनेछ ।

**७३. अन्य आधारभूत कागजात :** प्रचलित कानूनले गर्न निर्देश गरेका अन्य कागजातहरु तथा दर्ता गर्ने अधिकारीले तोके बमोजिमका अन्य आधारभूत कागजातहरु तयार गर्नु, राख्नु तथा तोकिएको समयमा पठाउनुपर्ने छ । त्यसै गरी कुनै प्रतिबेदन गर्न मान्यता प्राप्त सफ्टवेयर राख्ने र अनलाइन प्रतिवेदन गर्ने भनी निर्देशन भएमा सोही बमोजिम गर्ने दायित्व सम्बन्धित सहकारी संस्थाको हुनेछ ।

## परिच्छेद १२
## प्रतिवेदन

**७४. एकीकृत सूचना प्रणालीमा आबद्धता :**
समितिले संस्थाका सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय सूचना नियामक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकीकृत गरी निरन्तर तत्क्षण (रियल टाइम) अद्यावधिकीकरण गर्ने व्यवस्थासमेत मिलाउनुपर्दछ ।
तर यसमा लेखिएको कुनै कुराले संस्थाले प्रचलित कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

**७५. दर्ता गर्ने अधिकारीसमक्ष प्रतिवेदन :**
संस्थाले दर्ता गर्ने अधिकारीसमक्ष देहाय बमोजिमका विवरण पेश गर्नुपर्नेछ ।

१) साधारण सभा सम्पन्न भएको १५ दिन भित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निर्णयका प्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए निर्वाचित संचालकहरुको हालसालै खिचिएको फोटो सहितको तीन पुस्ते विवरण ।
२) प्रत्येक ६-६ महिनामा संस्थाका पदाधिकारी र कर्मचारीहरुलाई दिइएको ऋण र पेश्की रकमको विवरण ।
३) संस्थाको स्वीकृत बचत तथा ऋण नीति, कर्मचारी प्रशासन एवं आर्थिक प्रशासन उप-विनियमको १-१ प्रति तथा पारित गरिएका जुनसुकै कार्यविधि, निर्देशिका वा कानूनहरु ।
४) ७ दिन भित्र व्याज दरमा गरिएको परिवर्तन र परिवर्तन गर्नुपर्नाको कारण ।
५) तोकिए बमोजिमको समय भित्र संस्थाको अनुगमन गर्दा दिइएको सुझाव वा निर्देशनको कार्यान्वयनको प्रगति विवरण ।
६) सहकारी संस्थाको प्रारम्भिक साधारण सभा हुनु भन्दा अगावै पूर्व सहकारी शिक्षा सम्बन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न गरेको जानकारी ।
७) प्रारम्भिक साधारण सभा भएको ६ महिना भित्र संघको सदस्यता लिएको वा नलिएको भए सो को कारण सहितको विवरण ।

८) आर्थिक वर्ष समाप्त भएको मितिले १ महिना भित्र अघिल्लो आर्थिक वर्षमा थपघट भएको सदस्यताको विवरण पठाइनेछ । यस्तो विवरणमा कूल सदस्यहरु मध्ये महिला पुरुषको संख्या साथै नयाँ सदस्यता बनाइएका सदस्यहरुको बसोबास गरेको क्षेत्र उल्लेख गरिनेछ ।

९) सहकारी विभाग वा संबन्धित बेथानचोक गाउँकार्यपालिकाले माँग गरेको अन्य विवरण ।

१०) साधारण सभा हुने मिति, समय र स्थान ।

११) प्रत्येक बर्षको साधारण सभाको निर्णय, लेखापरीक्षण प्रतिवेदन, पारित विभिन्न विषयका नीतिहरु, विनियमावली, निर्देशिकाहरु ।

१२) सघन तथा सामान्य अनुगमन तथा निरीक्षण टोलीले दिएका सुझावहरु कार्यान्वयनको स्थिति ।

**७६. वित्तीय जानकारी एकाइमा प्रतिवेदन :**
सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम वित्तीय जानकारी एकाइमा प्रतिवेदन गर्नुपर्ने कारोबारको प्रतिवेदन नियमित रूपमा, निर्धारित समयभित्रै पठाइनेछ ।

**७७. साधारण सभामा जानकारी गराउनुपर्ने :**
अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त बेहोरा सहितको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनुपर्नेछ :

क) संस्थाले सदस्यता लिएको सहकारी सङ्घ वा बैङ्कबाट भएका निर्णयहरू;

ख) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैरवित्तीय सहयोगको रकम वा प्रतिबद्धता र

ग) दर्ता गर्ने अधिकारी वा प्रचलित कानुन बमोजिम नियामक निकायका तर्फबाट प्राप्त सुझाउ, टिप्पणी वा निर्देशन वा जारी मानदण्ड, निर्देशिका वा नीतिहरू ।

७८. **सूचनाको हक तथा अग्रतापूर्ण खुलासाः** संस्थाले प्रचलित सूचनाको हक सम्बन्धी ऐन तथा नियमाबली बमोजिम सार्वजनिक निकायका रुपमा सूचनाको हकको प्रचलनको व्यवस्था मिलाउनेछ । र सोही बमोजिम सूचनाको हकको लागि खुला तथा सार्वजनिक गर्नुपर्ने सूचनाको अग्रतापूर्ण खुलासा गर्नेछ ।

७९. **सूचनाको संरक्षण :** संस्थाले प्रचलित सूचनाको हक सम्बन्धी ऐन तथा नियमाबली बमोजिम सार्वजनिक निकायका रुपमा सूचनाको संरक्षणको व्यवस्था मिलाउनेछ ।

## परिच्छेद १३
## विविध

**८०. हकवालाको मनोनयन**

(१) सदस्यले हकवाला मनोनीत गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरुको रोहबरमा लिखत तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनित गर्ने सदस्य र साक्षीहरु समेतको सहीछाप गरेको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हकवाला मनोनीत गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्नु पर्नेछ ।

(३) कुनै सदस्यले उपदफा (२) को अधिनमा रही एकजना भन्दा बढी व्यक्तिहरुलाई मनोनित गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानुन अनुसार हुनेछ ।

८१. **हकदावी वा नामसारी :**

(१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको दफा ८० बमोजिम मनोनित गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गर्न सकिनेछ ।

तर, त्यस्तो हकवाला संस्थाको सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिना भित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउँ भनी दरखास्त दिन सक्नेछ र संस्थाले सो हकवालाको नाममा नामसारी गरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

(४) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरीद गरी संस्थामा लगानी गरेको रकम संस्थाको पछिल्लो आर्थिक वर्षको हिसावजाँच पश्चात् निजले पाउनु पर्ने देखिएको रकम फिर्ता पाउनेछ ।

(५) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा बहुलाएको प्रमाणित भएमा निजको नाउँमा रहेको र संस्थावाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित कानुन वमोजिमको हकवालाको नाउँमा विनियमको अधीनमा रही नामसारी गरिदिनेछ ।

८२. **निर्वाचन :**

संचालक समिति र लेखा तथा सुपरिवेक्षण समितिको निर्वाचन देहाय बमोजिम हुनेछ ।

(१) संस्थाको विनियमको अधीनमा रही संचालक समिति र लेखा तथा सुपरिवेक्षण समितिको निर्वाचन गर्न संचालक समितिले ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ ।

(२) सामाजिक वा बौद्धिक रुपले प्रतिष्ठित स्थानीय व्यक्ति वा सहकारीको क्षेत्रमा अनुभव हासिल गरेको व्यक्तिको संयोजकत्वमा संस्थाको शेयर सदस्यहरु मध्येबाट एकजना (निर्वाचनमा उम्मेदवार नहुने) र बेथानचोक गाउँकार्यपालिकाको कार्यालयको एक जना कर्मचारी प्रतिनिधि रहने गरी निर्वाचन समिति गठन गरिनेछ ।

(३) निर्वाचन समितिले विनियममा भएको व्यवस्था बमोजिम संचालक समिति र लेखा समितिको पदाधिकारीहरुको निर्वाचन प्रजातान्त्रिक प्रक्रियाबाट सम्पन्न गर्नेछ ।

(४) निर्वाचन समितिले निर्वाचन प्रक्रिया अन्तर्गत प्रकाशन गरेका निर्वाचन कार्यक्रम, सदस्यहरुलाई गरेको सार्वजनिक सूचना, निर्णयहरु, प्रयोगमा ल्याएका विभिन्न कागजात एवं मनोनयन फारम साथ उम्मेदवारले पेश गरेका आवश्यक प्रमाणहरु सिल गरी सुरक्षित साथ राख्ने जिम्मेवारी नयाँ निर्वाचित संचालक समितिको अध्यक्षको हुनेछ ।

(५) निर्वाचन समितिले निर्वाचित पदाधिकारीलाई निर्धारित ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र शपथ ग्रहण गराउनेछ ।

(६) निर्वाचन समितिलाई आफ्नो काम सम्पन्न गर्न गराउन समिति र संस्थाको कार्यालय व्यवस्थापनले साधन श्रोत र आवश्यक जनशक्ति उपलब्ध गराउनेछ ।

(७) कुनै सदस्य संस्थाको संचालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदा मनोनयन पत्र साथ देहायका विवरण खुल्ने स्वघोषणा पत्र पेश गर्नु पर्नेछः
- ✓ प्रचलित कानून बमोजिम आफ्नो नाम कालो सूचीमा नपरेको,
- ✓ कर्जा कारोवारमा अनियमितता नगरेको,
- ✓ संस्थाबाट लिएको ऋणको भाखा ननाघेको,
- ✓ संस्थामा तथा संघीय, प्रदेश तथा स्थानीय सरकारका कुनै सरकारी वा गैरसरकारी निकायमा नगदी वा जिन्सी तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता नभएको, र
- ✓ संस्थाको स्वीकृत कार्यक्षेत्र भित्र बसोबास गरी रहेको ।

(८) एकाघर परिवारबाट एक भन्दा बढी व्यक्ति एकै अवधिमा संचालकको पदमा वहाल रहन पाउने छैनन् ।

(९) संचालकको पदावधि समाप्त हुनु अगावै नयाँ संचालक समितिको निर्वाचन गराउने दायित्व निर्वाह नगरी पदाबधि गुजारेको अवधि ३ महिना वितिसकेको भए ती संचालकहरु नयाँ संचालक समिति र लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(१०) सदस्यताका लागि आवश्यक पर्ने योग्यता नभएका व्यक्ति संचालक समिति वा लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(११) कुनै दावी विरोध परी विवरण झुठा ठहरेमा निर्वाचन समितिले मनोनयन पत्र रद्द गर्नेछ ।

(१२) संचालक समिति वा लेखा समितिको रिक्त पद निर्वाचन समितिले संचालन गरेको निर्वाचन कार्यक्रमबाट मात्र पूर्ति गर्न सकिनेछ । यसरी निर्वाचित पदाधिकारीको पदाबधि बाँकी अवधिको लागि मात्र हुनेछ । संम्पूर्ण समिति भंग गरिएको अवस्थामा भने निर्वाचित पदाधिकारीको पदाबधि विनियम बमोजिम पूर्ण अबधिको हुनेछ ।

८३. **शपथ ग्रहणः** संचालक समिति र लेखा समितिका पदाधिकारीहरुले तोकिए बमोजिम शपथ लिनुपर्नेछ । शपथ ग्रहण अनुसूचि-४ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

## ८४. एकीकरण, विभाजन र विघटन

(१) संस्थाको साधारणसभाको दुईतिहाई सदस्यको वहुमतले संस्था एकीकरण वा विभाजन गर्ने निर्णय गरेमा संस्थाको एकीकरण वा विभाजन गर्न सकिनेछ । संस्थाको एकीकरण र विभाजन गर्दा सहकारी ऐन र सहकारी विभागबाट जारी निर्देशन बमोजिमको प्रक्रियाको पालना गरिनेछ ।

(२) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको दुईतिहाई सदस्यको वहुमतले संस्था विघटन गर्ने निर्णय गरेमा संस्थाको विघटन हुनेछ । संस्थाको विघटन गर्दा प्रचलित संघीय सहकारी ऐन, २०७४ वमोजिमको प्रकृया अपनाईनेछ ।

## ८५. कार्यान्वयन अधिकारी :

१) समितिले सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम अधिकृत स्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी तोक्नेछ ।

२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारी नतोकिएसम्म व्यवस्थापकले नै कार्यान्वयन अधिकारीको रूपमा कार्य गर्नेछ ।

८६. **मध्यस्थता सम्बन्धी व्यवस्था :**
संस्थाको कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा संबन्धित जिल्लाको जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघ वा  संस्था आबद्ध रहेको अन्य सहकारी संघसंग आवश्यकतानुसार मध्यस्थता गरी समस्या समाधानका लागि समितिले अनुरोध गर्न सक्नेछ । संस्थामा विद्यमान विवाद वा अन्य समस्याहरु सुल्झाउन बेथानचोक गाउँकार्यपालिकाको कार्यालयम आफैले वा सहकारीका कुनै संघका पदाधिकारी मार्फत् पहल गरेमा संस्थाका सबै सदस्य र पदाधिकारीहरुले सहयोग पुऱ्याउनेछन् ।

८७. **समानता र समता :**
(१) संस्थाको कार्यसञ्चालनका समस्त प्रक्रियाहरूमा सदस्यहरू माझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ ।
(२) लैङ्गिक विभेदका कारण आम रूपमा न्यून भइरहेको नेतृत्व पङ्क्तिमा महिला उपस्थिति बढाउनका साथै सञ्चालकीय भूमिकामा अपाङ्गता भएका वा लक्षित समुदायका सदस्यहरूलाई प्रोत्साहन दिन जो-चाहिने समतामूलक व्यवस्थाहरू गरिनेछन् ।

८८. **विनियम संशोधन :**
संस्थाको कूल सदस्य संख्या मध्ये कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भएको साधारण सभामा दुई तिहाई सदस्यहरुको निर्णयबाट प्रचलित सहकारी ऐन नियम,सहकारी विभागको निर्देशन र मापदण्ड तथा सहकारीका सिद्धान्तको अधीनमा रही संस्थाले आफ्नो विनियम संशोधन गर्न सक्नेछ । यसरी संशोधन भएको विनियम सहकारी ऐन बमोजिम बेथानचोक गाउँकार्यपालिकाको कार्यालयमा पेश गरी स्थानीय सरकारका दर्ता गर्ने अधिकारी वा निजको अधिकार प्राप्त अधिकारीबाट स्वीकृति लिएपछि लागू हुनेछ ।

८९. **साधारण सभाले कार्यविधि बनाउन सक्ने** : संस्थामा आवश्यक पर्ने विभिन्न निर्देशिका, कार्यविधिहरु आबश्यक भएमा प्रचलित सहकारी मूल्य,मान्यता तथा सिद्धान्त र कानून प्रतिकूल नहुने गरी साधारण सभाले कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ । ती कार्यविधि तथा निर्देशिकाहरु साधारण सभाबाट पारित भैसकेपछि लागू गर्न सकिनेछ ।

९०. **सदस्यहरु वीच विभेद गर्न नहुने :**
संस्थाका सदस्यहरुका बिच संस्थापक सदस्य, शेयर सदस्य र साधारण सदस्य जस्ता कुनै पनि आधारमा वर्गीकरण गरी विभेद गरिने छैन । सहकारीको सिद्धान्त बमोजिम एक सदस्य एक मतको प्रजातान्त्रिक अवधारणामा आँच आउने गरी कसैले काम गर्ने छैन ।

९१. **आचारसंहिता :**
संस्थाले सहकारी मूल्य मान्यता र सिद्धान्तहरुमा आधारित रही संस्थाका सदस्य एवं पदाधिकारीहरुले पालना गर्ने आचारसंहिता संस्थाको साधारण सभाबाट पारित गराई लाागु गर्नेछ । आचारसंहितामा एकरुपता कायम गर्न राष्ट्रिय सहकारी संघले तयार गरेको नमूना आचार संहिताको अनुसरण गरिनेछ । यस्तो आचार संहिताको पालना गर्नु संबन्धित सबैको कर्तव्य हुनेछ ।

## ९२. सदस्यहरुको सूचना पाउने अधिकारः

संस्थाका कुनै सदस्यले आर्थिक अवस्था र कुनै अमुक कारोवारका वारेमा जानकारी माग गरेमा उपलब्ध गराउनु पर्नेछ । तर शेयर सदस्यहरुको व्यक्तिगत खाता कानून बमोजिम बाहेक गोप्य राखिनेछ ।

## ९३. संस्थाको अनुगमनः

१. संस्थाको अनुगमन गर्न अख्तियारी पाएको निकाय वा कर्मचारीले संस्थाका सबै कारोवार जाँच गर्दा एवं थप विवरण माग गरी संस्थाको गतिविधि माथि निगरानी राख्दा संचालक समिति, लेखा समिति, निर्वाचन समिति तथा अन्य उपसमितिका पदाधिकारी एवं कर्मचारीहरुले सहयोग पुऱ्याउने छन् ।

२. अनुगमनका आधारमा दिइएको निर्देशनको पालना गर्नु गराउनु पर्ने दायित्व संचालकहरुको हुनेछ ।

३. नियमित साधारण सभामा गाउँ कार्यपालिकाको कार्यालयले गरेको अनुगमन, दिएको निर्देशन तथा संस्थाको प्रतिक्रिया संस्थाका अध्यक्षले अनिवार्य रुपमा आफ्नो प्रतिवेदनमा समाविष्ट गरी प्रस्तुत गर्नु पर्नेछ ।

## ९४. अविश्वासको प्रस्ताव राख्न सकिने :

(१) साधारण सभाका पाँच प्रतिशत सदस्यले समितिको कुनै निर्वाचित सदस्यलाई हटाउनु पर्ने वा समितिलाई विघटन गर्नुपर्ने औचित्य छ भनी साधारणसभामा प्रस्ताव पेश गरेमा अविश्वासको प्रस्ताव ल्याइएको मानिनेछ ।

(२) समितिको कुनै सदस्य प्रति ल्याईएको अविश्वासको प्रस्ताव उपर सो सदस्यले साधारण सभामा उपस्थित भई आफ्नो स्पष्टीकरण र सफाई पेश गर्न पाउनेछ ।

(३) साधारणसभाको बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा वा समिति विघटन गर्ने निर्णय भएमा त्यस्तो पदाधिकारी तथा सदस्य पदबाट हट्ने वा समितिको विघटन हुनेछ ।

## ९५. वाँकी बक्यौता असूल उपर गरिर्ने :

सदस्यले संस्थावाट लिएको ऋण चुक्ता नगरेमा बाँकी ऋण रकम, सोमा लाग्ने व्याज र विलम्ब शुल्क समेत निजको घर-घराना (जायजेथा) बाट सहकारी ऐन नियममा तोकिए बमोजिमको कार्यविधि अपनाई संस्थाले असूल उपर गर्नेछ । संस्थाले रकम असूल उपर गर्दा लाग्ने वा लागेको सम्पूर्ण खर्चको रकम समेत सम्वन्धित ऋणी सदस्यबाट नै असूल उपर गरिनेछ । असूल उपरको कार्यवाही गर्दा लिलाम बढाबढबाट उठेको रकम संस्थाको दायित्व फरफारक गरी बाँकी रहन आएको रकम सम्बन्धित सदस्यलाई फिर्ता गरिनेछ ।

## ९६. ऋण मिनाहा :

संस्थाले असुल उपर गर्नुपर्ने ऋण वा अरु कुनै रकम मिनाहा गर्नुपर्दा पर्याप्त कारणहरु सहित संचालक समितिले निर्णय गरी साधारण सभामा स्वीकृतिका लागि पेश गर्न सक्नेछ । साधारणसभामा उपस्थित सदस्यहरुको दुई तिहाई वहुमतको निर्णयवाट मात्र यस्तो निर्णय कार्यान्वयन हुन सक्नेछ ।

## ९७. सेवा शुल्क लिन नपाइने :

संस्थाले सदस्यहरुसंग ऋणको कारोवार गर्दा व्याज वाहेक अन्य कूनै शुल्क लिइने छैन । सदस्यहरुलाई पुऱ्याइने अन्य सेवा वापत भने पूर्व निर्धारित शुल्क लिन बाधा पर्नेछैन ।

९८. **घर जग्गा खरीद**

१. संस्थाको कार्यालय एवं कारखाना वा गोदाम प्रयोजनका लागि घर जग्गा खरीद गर्दा संस्थाको कोष विश्लेषण अनिवार्य रुपमा गरिनेछ ।

२. सम्पत्ति खरीद तथा बिक्रीको लागि साधारण सभाको स्वीकृति लिइनेछ ।

३. स्थिर सम्पत्ति खरीद गर्न सदस्यबाट संकलित वचत रकमको प्रयोग गरिने छैन ।

४. साधारण सभामा सदस्यहरुको स्वीकृति लिएर घर जग्गा खरीद गरी संस्था प्रति जनविश्वास बढाउन छुट्टै कोष सिर्जना गरी खरीद प्रक्रिया अघि बढाउन सकिनेछ । त्यस्तै विविध कोषहरुको प्रयोग एवं संकलित शेयरको केही अंश प्रयोग गरी घर जग्गा खरीद गर्न सभाको निर्णय बमोजिम समितिले आवश्यक पहल गर्नेछ ।

५. खरीद बिक्री प्रक्रियामा पारदर्शिता कायम गर्ने एवं निर्धारित प्रक्रिया पूरा गरी गराई मात्र गर्न सकिने व्यवस्था मिलाइने छ ।

६. संस्थाको उद्देश्य विपरीत गई संबन्धित निकायको अनुमति नलिई संस्थाको नामबाट घर जग्गाको कारोवार गरिने छैन ।

९९. **वचत तथा ऋण सहकारी संस्थाको बचत निक्षेप संकलन, ऋण लगानी, ब्याजदर र तरलतासम्बन्धी विशेष व्यवस्था**

(क) **बचत निक्षेप संकलन** : संस्थाले देहाय वमोजिमको वचत सदस्यहरुवाट संकलन गर्न सक्नेछ :-

(१) सदस्यले साधारण वचतको रुपमा संस्थाको सदस्यता प्राप्त गरेको मितिदेखि संस्थामा आफूले कबुल गरेको वचत रकमको किस्ताको भुक्तानी नियमित रुपमा गर्नुपर्नेछ । यस्तो नियमित बचत किस्ता अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

(२) सदस्यले संस्थाको वचत तथा ऋण नीतिको अधीनमा रही तीन महिना भन्दा वढी समयका लागि मुद्दती खातामा आवधिक वचतको रुपमा रकम जम्मा गर्न सक्नेछ र सो रकममा संस्थाले तोकेको ब्याज आवधिक रुपमा प्राप्त गर्नेछ ।

(३) सदस्यले उपदफा (१) वमोजिम जम्मा गरेको रकम जुनसुकै बेला पनि झिक्न सक्नेछ र साधारण वचतमा दिइने ब्याज सम्बन्धी व्यवस्था वचत तथा ऋण नीतिको अधीनमा रही समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

(४) संस्थाले शेयर पुँजीको बढीमा १० गुणा सम्म मात्र सदस्यहरुबाट बचत संकलन गर्नेछ ।

(५) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी बचत निक्षेप संकलन गर्ने वा ऋण प्रवाह गर्ने छैन ।

(६) संस्थाले बचत निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका वीचमा मात्र सीमित रही गर्नेछ ।

(७) संस्थाले गैह्र सदस्यसंग वचत तथा ऋणको कारोवार गर्नेछैन ।

(८) संस्थाले सहकारी बैंक र सहकारीका संघहरु वाहेक प्राकृतिक व्यक्तिसंग मात्र बचत तथा ऋणको कारोवार गर्नेछ ।

(९) सामान्यतया कुनै सदस्यबाट एकमुष्ट आवधिक वचत स्वीकार गर्दा संस्थाले त्यस्ता सदस्यको शेयर र वचत निक्षेपको अनुपात १:१० हुने गरी गर्नेछ ।

(ख) **ऋण लगानी :**

(१) कुनै सदस्यले संस्थाबाट ऋण लिनु पर्दा संस्थाले तोकेको ऋण निवेदन फारम भरी ऋण लगानी उपसमिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले सदस्यको सदस्यता, बचत निक्षेप रकम, सदस्यहरुको जमानी वा अन्य स्वीकृत धितोको आधारमा ऋण लगानी उपसमिति समेतको सिफारिसमा ऋण प्रदान गर्नेछ ।

(३) संस्थाले कुनै एक सदस्यलाई संस्थाको प्राथमिक पुँजीको १० प्रतिशतमा ननघाई ऋण प्रदान गर्न सक्नेछ । सदस्यले लिएको ऋणको साँवा र ब्याज पुरै भुक्तानी नगरेसम्म निजलाई पुन: ऋण लगानी गर्नेछैन । यस दफाको प्रयोजनका लागि प्राथमिक पूँजी भन्नाले संस्थाको शेयर पूँजी र जगेडा कोषलाई सम्झनुपर्छ ।

(५) समितिले सदस्यलाई ऋण प्रदान गर्दा प्रदान गरिने ऋण रकमको कम्तिमा दोब्बर मूल्य बराबरको जायजेथा धरौटी राखी वा कुनै सदस्यको धन जमानीमा मात्र ऋण लगानी गर्नेछ ।

तर समितिलाई औचित्यताको आधारमा सामूहीक जमानीमा ऋण लगानी गर्न बाधा परेको मानिने छैन ।

(६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकासगोलका परिवारका सदस्यको नाममा रहेको जेथा धितो नराखी अर्काको जेथाको आधारमा मात्र ऋण लगानी गर्नेछैन ।

(७) सामान्यत: संस्थावाट एकै अवधिमा संस्थाका संचालक समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुले ऋण लिन सक्नेछैनन् ।

(८) सदस्यले जुन उद्देश्यका लागि संस्थावाट ऋण लिएको हो सोही उद्देश्य प्राप्तिका लागि ऋणको उपयोग गर्नुपर्नेछ ।

(९) संस्थाले संचालक समिति, लेखा समिति तथा ऋण लगानी उप-समितिका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋणको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नेछ ।

(१०) ऋण लगानी प्रक्रियामा सदस्य एवं पदाधिकारी वीच कुनै किसिमको विभेद गरिने छैन ।

(११) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाब गर्नु पर्नेछ ।

(ग) **ऋणको किसिम :**

साधारण सभाले अनुमोदन गरेको ऋण नीतिको अधीनमा रही समितिले समय–समयमा ऋणको किसिम तोक्न सक्नेछ ।

(घ) **ऋण नोक्सानी कोषको व्यवस्था :**

(१) संस्थाबाट प्रवाहित हुने ऋणलाई देहाय बमोजिम ३ वर्गमा विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छ:

| क.सं. | ऋणको वर्गीकरण | भाखा नाघेको अवधि | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|---|
| १ | असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| २ | शंकाष्पद ऋण | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| ३ | खराव ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

(२) संस्थाले उपदफा (१) मा उल्लेख भए बमोजिमको ऋणको बर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरी प्रत्येक वर्ष श्रावण महिना भित्र सम्बन्धित बेथानचोक गाउँकार्यपालिकाको कार्यालयमा विवरण पेश गर्नेछ ।

(३) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाण-पत्र वा अन्य कुनै सहकारी संस्थाको सदस्यको शेयर प्रमाण पत्र धितो जमानी राखी ऋण लगानी गर्नेछैन ।

(४) समितिले संस्था दर्ता हुँदाका वखत आवेदक रहेका सदस्य वाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र ऋृण लगानी गर्नेछ

**(ङ) वचत निक्षेप तथा ऋृण लगानीको रकममा ब्याज :**

(१) संस्थाले बचतमा प्रदान गर्ने ब्याज दर र ऋृण लगानीमा लिने ब्याज दरको निर्धारण प्रचलित बजार दरको आधारमा गर्नेछ ।

(२) संस्थाले बजारमा प्रचलित ब्याज दर भन्दा अस्वभाविक रुपले बढी ब्याजमा बचत संकलन तथा ऋृण लगानीको कारोबार गर्नेछैन ।

(३) संस्थाले सदस्यको बचतमा दिने ब्याज दर र ऋृण लगानीमा लिने ब्याज दरको अन्तर औसत ६ प्रतिशत भन्दा बढी हुनेछैन ।

(४) समितिले सदस्यको विभिन्न उद्देश्यमूलक कार्यक्रम संचालनार्थ साधारण सभाले अनुमोदन गरे अनुरुप ऋृण नीतिमा उल्लेख भए वमोजिम ऋृणको किसिममा ब्याज तोक्नेछ ।

(५) संस्थाले बचत, ऋृण लगानी, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त प्रक्रिया तथा कार्यविधिहरु वचत तथा ऋृण नीतिमा व्यवस्था गर्नेछ । संस्थाले त्यस्तो वचत तथा ऋृण नीति साधारण सभाबाट अनुमोदन गराई लागु गर्नेछ ।

(६) संस्थाले साधारण सभाबाट अनुमोदित वचत तथा ऋृण नीति सम्बन्धित सहकारी कार्यालयमा पेश गर्नेछ ।

(८) संस्थाले निर्धारण गरेको ब्याज दरको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नेछ ।

(९) संस्थाले व्याजदर परिवर्तन गरेमा सो को विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी सूचना गर्नेछ । संस्थाले परिवर्तित व्याजदर सम्बन्धी विवरण परिवर्तन भएको ७ दिन भित्र सम्बन्धित बेथानचोक गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नेछ ।

(१०) संस्थाले सदस्यहरुका बीच लाभांश बितरण प्रयोजनको लागि नगद पद्धतिमा ब्याज आय लेखा राख्नेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसावमा खर्च लेखि व्याज मुल्तवी हिसावमा जम्मा गर्नेछ ।

**(च) विलम्ब शुल्क :**

(१) सदस्यले संस्थावाट लिएको ऋृणको साँवा र व्याज तोकिएको अवधिमा नै तोकिए वमोजिम भुक्तानी गर्नुपर्नेछ ।

(२) सदस्यले उपदफा (१) वमोजिम ऋृणको साँवा र व्याज भुक्तानी नगरेमा देहाय वमोजिमको अवधिको लागि देहाय वमोजिमको रकम विलम्व शुल्क वापत तिर्नुपर्नेछः-

(क) प्रथम महिनाको लागि एक प्रतिशत

(ख) दोश्रो महिनामा डेढ प्रतिशत

(ग) तेश्रो महिनामा दुई प्रतिशत

(३) उपदफा (२) मा उल्लेखित भन्दा बढी अवधिको लागि ऋृण नीतिमा उल्लेख भए बमोजिम विलम्ब शुल्क लाग्नेछ । तर ऋृणीको आर्थिक स्तर र अवस्था हेरी समितिले तोके बमोजिम विलम्ब शुल्क छुट दिन सक्नेछ ।

(छ) तरलता :

(१) संस्थाले कुल बचत रकमको कम्तिमा १५ प्रतिशत रकम तरलताको रुपमा राख्नेछ । यस प्रयोजनको लागि नगद मौज्दात, मुद्दति हिसाब र सरकारी ऋण पत्रमा गरेको लगानीलाई समेतलाई तरल सम्पत्ति मानिनेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिमको तरलता रकम मध्ये कम्तिमा पाँच(५) प्रतिशत नगद मौज्दात राख्नु पर्नेछ । अनिवार्य रुपमा राख्नु पर्ने यस्तो नगद मौज्दात सहकारी बैंक, एवं अन्य बैंक वा वित्तीय संस्थाहरुमा राखिएको मुद्दती हिसाबलाई समेत समावेश गरी गणना गरिनेछ ।

(३) संस्थाले तरलताको गणना गर्दा प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मान्नेछ

(४) संस्थाले तरलता समेत खुलेको कारोवार सम्वन्धी विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गर्नेछ ।

(५) संस्थाले तरलता सम्बन्धी विवरण समेतको प्रतिवेदन सम्बन्धित बेथानचोक गाउँ कार्यपालिकाको कार्यालयमा प्रत्येक ६ महिनामा पेश गर्नेछ ।

**१००. सहकारी सिद्धान्त र आबद्धता :**

(क) अर्न्तराष्ट्रिय सहकारी महासंघद्वारा पारित सहकारीका निम्न सात सिद्धान्तहरु यस विनियमको अभिन्न अंग हुनेछन् । यी सिद्धान्तहरुको अनुसरण गर्ने र गराउने गरी संस्थाका क्रियाकलापहरु निर्देशित हुनेछन् ।

(१) स्वेच्छिक तथा खुला सदस्यता ।
(२) सदस्यको लोकतान्त्रिक नियन्त्रण ।
(३) सदस्यको आर्थिक सहभागिता ।
(४) स्वायत्तता तथा स्वतन्त्रता ।
(५) शिक्षा, तालिम र सूचना ।
(६) सहकारी संस्थाहरु वीच सहयोग ।
(७) समुदायप्रतिको सरोकार ।

(ख) वचत तथा ऋणको कारोवार गर्दा विश्व ऋण परिषद (WOCCU) द्वारा प्रतिपादित देहायका ९ वटा सिद्धान्तहरुलाई पनि मार्गशकका रुपमा लिइनेछ ।

(१) प्रजातान्त्रिक संरचनाः
१.१ खुल्ला र स्वेच्छिक सदस्यता,
१.२ प्रजातान्त्रिक नियन्त्रण,
१.३ समानता,

(२) सदस्यलाई सेवाः
२.४ सदस्यलाई सेवा,
२.५ सदस्यहरुलाई लाभांश वितरण,
२.६ आर्थिक स्थायित्व,

(३) सामाजिक उद्देश्यहरु
३.७ अनवरत शिक्षा,
३.८ सहकारीहरु वीच सहयोग,
३.९ सामाजिक दायित्व,

(ग) सहकारीको सिद्धान्त बमोजिम सहकारी वीच पारस्परिक सहयोगको अभिबृद्धि गर्न यो संस्थाको दर्ता भई प्रारम्भिक साधारण सभा सम्पन्न भएको ६ महिना भित्र काभ्रेपलाञ्चोक जिल्ला सहकारी संघ लिमिटेड र काभ्रेपलाञ्चोक जिल्ला बचत तथा

ऋण सहकारी संघ लिमिटेडको सदस्यताका लागि निवेदन पेश गरिनेछ । संस्थाको वित्तीय क्षमताका आधारमा राष्ट्रिय सहकारी बैंकको शेयर खरीद गरी सदस्यता लिन पहल गरिनेछ ।

**१०१. सहकारी संस्था लिमिटेड संगठित संस्था हुने :**

(क) संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(ख) संस्थाको सवै कामकाज प्रमाणित गर्नका लागि विनियमको दफा २(ख) मा उल्लेख गरिए अनुसार आफ्नो छुट्टै चिन्ह अंकित छाप रहनेछ ।

(ग) संस्थाको छाप संचालक समितिवाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहनेछ ।

(घ) संस्थाले व्यक्ति सरह प्रचलित कानून एवं यस विनियममा उल्लेख भए बमोजिम चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र सम्पत्ति बेचविखन गर्न कुनै प्रकारले बन्दोवस्त गर्न सक्नेछ ।

(ङ) संस्थाले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

**१०२. व्याख्या गर्ने अधिकार**

यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि सुल्झिन नसकेमा सहकारी ऐन, नियम बमोजिम हुनेछ ।

**१०३. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।**

(१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । साथै बाझिएका प्रावधानहरु प्रचलित स्थानीय तथा नेपाल कानून बमोजिम हुनेछ ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी ऐन, नियम,सहकारी विभागद्वारा एवं बेथानचोक गाउँकार्यपालिकाको कार्यालयबाट जारी परिपत्र, मापदण्ड र सहकारीका सिद्धान्तहरु एवं प्रचलित सरकारी कानून बमोजिम संस्थाको काम कारवाही संचालन गरिनेछ ।

## अनुसूचि- १

(विनियमको दफा २ संग सम्बन्धीत)

## संस्थाको चिन्ह र छाप

संस्थाको चिन्ह वा छापको लोगो यसप्रकार हुनेछ।

## अनुसूची - २

(विनियमको दफा ९संग सम्वन्धित)

**........ बचत तथा ऋण सहकारी संस्था लि.**

बेथानचोक गाउँपालिका **वडा नं.....**

**सदस्य दर्ता किताब**

| सि. नं. | बावु/ससुराको नाम | पति/पत्नीको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | खरीद गरेको शेयर संख्या | सदस्य भएको मिति | मनोनित हकवालाको नाम | उमेर | ठेगाना | दस्तखत वा सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची - ३

(विनियमको दफा २३ संग सम्वन्धित)

सदस्यता नं.............

..........बचत तथा ऋण सहकारी संस्था लिमिटेड.

बेथानचोक गाउँपालिका वडा नं ......

मितिः...................

# शेयर प्रमाण पत्र

यस संस्थाको विनियमको दफा १८ वमोजिम श्री ................................................ को छोरा /छोरी /श्रीमती ......................... बस्ने श्री/ सुश्री/ श्रीमती ............................... ले निम्न अनुसारको शेयर खरीद गर्नु भएकोले यो प्रमाण(पत्र प्रदान गरिएको छ।

विवरण

| क्रम संख्या | शेयर प्रमाणपत्र नं. | प्रति शेयर मूल्य | खरीद गरेको शेयर संख्या | जम्मा रकम | शेयर खरीद मिति |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूचि - ४
(दफा ८३ संग सम्बन्धित)

## शपथ ग्रहण

म....................................................(शपथ कर्ताको नाम) साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु मेरो सामर्थ्यले भ्याएसम्म समितिको सदस्यका नाताले सवै काम तथा वैठकहरुमा नियमित रुपले भाग लिनेछु तथा संस्थाको विकास र सदस्यको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित तरीकाबाट निर्णय लिनेछु ।

**पद ग्रहण गर्ने पदाधिकारीको**

(क) नाम :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

**शपथ गराउने अधिकारीको**

(क) नाम :

(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :